सघीय संसद

प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन

बैठकको कारवाहीको संक्षिप्त विवरण
२०७९

(सूचना पत्र - २)



प्रारम्भ मिति :-
२०७९ साल पुस २५ गते सोमबार

अन्त्य मिति :-
२०८० साल वैशाख १५ गते शुक्रबार

संघीय संसद सचिवालय
कार्यव्यवस्था शाखा
संसद्भवन, सिंहदरबार
काठमाडौं

संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
बैठक संख्या - १
सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल पुस २५ गते सोमबार

प्रतिनिधि सभाको पहिलो अधिवेशनको पहिलो बैठक माननीय ज्येष्ठ सदस्य/सम्माननीय सभामुख श्री पशुपति शम्शेर ज.ब.रा.को अध्यक्षतामा दिनको १:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले सभाको पहिलो अधिवेशनको पहिलो बैठकमा पाल्नुभएको सम्पूर्ण मा० सदस्यहरुलाई हार्दिक स्वागत गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम सम्वत् २०७९ साल पुस २५ गते सोमबारका दिन १३:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा संघीय संसदको दुवै सदनको अधिवेशन आह्वान गरेको छु ।

मिति :- २०७९ पुस १२ (विद्यादेवी भण्डारी)

तत्पश्चात सभाले लोकतन्त्र र प्रजातन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्न १ मिनेट उठेर मौन धारण गऱ्यो ।

त्यसपछि सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रहरुको व्यहोरा पढेर सुनाउनु भयो ।

(क) सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (२) बमोजिम प्रतिनिधि सभाका माननीय सदस्य श्री पुष्पकमल दाहाल "प्रचण्ड" ज्यूलाई नेपालको प्रधानमन्त्री पदमा मिति २०७९/९/१० गते नियुक्त गर्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

(यादवप्रसाद कोइराला)
मिति : २०७९/९/१० सचिव

(ख) सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहालज्यूको सिफारिसमा मिति २०७९/९/११ गते देहाय बमोजिमको मन्त्रिपरिषद् गठन गरी नियुक्ति र कार्यविभाजन समेत गर्नु भएको व्यहोरा सादर अनुरोध गर्दछु ।

क्र.सं.	नाम, थर	पद	कार्यविभाजन
१.	श्री पुष्पकमल दाहाल (प्रचण्ड)	प्रधानमन्त्री	उद्योग, वाणिज्य तथा आपूर्ति; ऊर्जा, जलस्रोत तथा सिँचाई; कानुन, न्याय, तथा संसदीय मामिला; कृषि तथा पशुपंक्षी विकास; खानेपानी; परराष्ट्र; भूमि व्यवस्था तथा सहकारी तथा गरिबी निवारण; महिला, बालबालिका तथा ज्येष्ठ नागरिक; युवा तथा खेलकुद; रक्षा; वन तथा वातावरण; शिक्षा विज्ञान तथा प्रविधि; श्रम, रोजगार तथा सामाजिक सुरक्षा; सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन; सङ्घीय मामिला तथा सामान्य प्रशासन ; सञ्चार तथा सूचना प्रविधि; सहरी विकास र स्वास्थ्य तथा जनसंख्या ।
२.	श्री विष्णुप्रसाद पौडेल	उपप्रधानमन्त्री	अर्थ ।
३.	श्री नारायणकाजी श्रेष्ठ	उपप्रधानमन्त्री	भौतिक पूर्वाधार तथा यातायात ।
४.	श्री रबि लामिछाने	उपप्रधानमन्त्री	गृह ।
५.	श्री ज्वाला कुमारी साह	मन्त्री	कार्यभार पछि तोकिने ।
६.	श्री दामोदर भण्डारी	मन्त्री	कार्यभार पछि तोकिने ।
७.	श्री राजेन्द्र कुमार राई	मन्त्री	कार्यभार पछि तोकिने ।
८.	श्री अब्दुल खान	मन्त्री	कार्यभार पछि तोकिने ।

(यादवप्रसाद कोइराला)
मिति : २०७९/९/१२ सचिव

तदुपरान्त सम्माननीय सभामुखले नेपालको संविधानको धारा १०४ बमोजिम प्रतिनिधि सभाले आफ्नो कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र अन्य काम कारबाही नियमित एवं प्रभावकारी बनाउन यस प्रतिनिधि सभाले सभाको नियमावली नबनाएसम्मको लागि "प्रतिनिधि सभा नियमावली, २०७५" बमोजिम सभाको कामकारवाही गर्ने प्रस्तावलाई बैठक समक्ष स्वीकृतिको लागि पेश गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १० बमोजिम सभामुख तथा उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्न निम्नलिखित मा० सदस्यहरुलाई मनोनयन गरेको व्यहोरा जानकारी गराउनु भयो ।

(१) मा० श्री ईश्वरी देवी न्यौपाने
(२) मा० श्री चन्दा कार्की भण्डारी
(३) मा० श्री देवराज घिमिरे
(४) मा० श्री प्रतिक्षा तिवारी
(५) मा० श्री बुद्धिमान तामाङ्ग
(६) मा० श्री रामकृष्ण यादव
(७) मा० श्री सुशिला सिर्पाली ठकुरी

त्यसपछि सभाको पहिलो अधिवेशनको अवसरमा दलीय प्रतिनिधित्वको आधारमा देहायका मा० सदस्यहरुले मन्तव्य राख्नुभयो ।

१. सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)
२. मा० श्री शेरबहादुर देउवा
३. मा० श्री के.पी. शर्मा ओली
४. मा० उपप्रधान तथा गृहमन्त्री श्री रबि लामिछाने
५. मा० श्री राजेन्द्र प्रसाद लिङ्देन
६. मा० श्री रामसहाय प्रसाद यादव
७. मा० श्री माधव कुमार नेपाल
८. मा० डा. चन्द्रकान्त राउत
९. मा० श्री शरत सिंह भण्डारी
१०. मा० श्री रञ्जिता श्रेष्ठ
११. मा० श्री प्रेम सुवाल
१२. मा० श्री चित्रबहादुर के.सी.
१३. मा० डा० अमरेश कुमार सिंह
१४. मा० श्री प्रभु साह
१५. मा० श्री योगेन्द्र मण्डल

तदुपरान्त सम्माननीय सभामुखले सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले नेपालको संविधानको धारा ७६ को उपधारा (४) बमोजिम प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्न प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १५२ को उपनियम (१) बमोजिम प्रस्तावको सूचना दिनुभएकोले सो प्रयोजनको लागि सोही नियमको उपनियम (३) बमोजिम मिति २०७९ पुस २६ गते बिहान ११:०० बजे बस्ने बैठकको समय तोकेको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले पूर्व सदस्यहरुको निधन भएकोमा निम्नलिखित शोक प्रस्तावहरु प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

(क) "प्रतिनिधि सभाको यो बैठक नेपाली काँग्रेस पार्टीबाट वि.सं. २०४८ सालको संसदीय निर्वाचनमा गोरखा जिल्ला क्षेत्र नं. २ बाट निर्वाचित सदस्य तथा वि.सं. २०५६ सालको राष्ट्रिय सभा सदस्यमा निर्वाचित एवं व्यवस्थापिका-संसद २०६३/६४ को सदस्य, जीवनकालभर सामाजिक सेवामा समर्पित र लोकतान्त्रिक आन्दोलनहरुमा सक्रिय भूमिका निर्वाह गर्नुभएकी सुश्री मैयाँदेवी श्रेष्ठको ९४ वर्षको उमेरमा मिति २०७९ साल कार्तिक ६ गते आइतबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(ख) "प्रतिनिधि सभाको यो बैठक तत्कालिन एकीकृत ने.क.पा. (माओवादी) पार्टीबाट वि.सं. २०६४ सालको संविधान सभा निर्वाचनमा ओखलढुंगा जिल्ला क्षेत्र नं. २ बाट निर्वाचित सदस्य एवं हाल ने.क.पा. (एमाले) मा क्रियाशील रहनु भएका, नेपाल कम्युनिष्ट आन्दोलन, प्रतिस्पर्धात्मक राजनीतिक प्रणाली तथा लोकतन्त्र सुदृढीकरणमा योगदान दिनुभएका बालकृष्ण ढुङ्गेलको ५३ वर्षको उमेरमा मिति २०७९ साल कार्तिक २२ गते मंगलबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(ग) "प्रतिनिधि सभाको यो बैठक नेपाली काँग्रेस पार्टीबाट वि.सं. २०७० सालको संविधान सभा निर्वाचनमा समानुपातिक सदस्यको रुपमा निर्वाचित सदस्य एवं लोकतान्त्रिक आन्दोलनहरुमा अतुलनिय योगदान पुऱ्याउनु भएका, सरल र मिलनसार स्वभावका नेता झुलबहादुर आलेको ७२ वर्षको उमेरमा मिति २०७९ साल मंसिर ९ गते शुक्रबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

त्यसपछि सभाले स्वर्गीय मैयाँ देवी श्रेष्ठ, बालकृष्ण ढुंगेल र झुलबहादुर आलेको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर बैठक २०७९ साल पुस २६ गते मंगलबार बिहान ११:०० बजे बस्नेगरी दिनको ४:०० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
बैठक संख्या - २

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल पुस २६ गते मंगलबार

आज बिहान ११:०० बजेको लागि निर्धारित प्रतिनिधि सभाको बैठक विशेष कारणवश बस्न नसक्ने भएकोले सूचनापत्र-४ प्रकाशित गरी दिनको १:०० बजेको लागि निर्धारण भएकोमा उक्त बैठक माननीय ज्येष्ठ सदस्य/सम्माननीय सभामुख श्री पशुपति शम्शेर ज.ब.रा.को अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले नेपालको संविधानको धारा ७६ को उपधारा (४) बमोजिम प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्न प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १५२ को उपनियम (४) बमोजिम वक्तव्य सहित प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त विश्वासको मत प्राप्त गर्ने सम्बन्धी प्रस्तावमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री शेरबहादुर देउवा
२. मा० श्री के.पी. शर्मा ओली
३. मा० श्री रेखा शर्मा
४. मा० श्री सन्तोष परियार
५. मा० श्री राजेन्द्र प्रसाद लिङदेन
६. मा० श्री अशोक कुमार राई
७. मा० श्री माधव कुमार नेपाल
८. मा० श्री अनिता देवी
९. मा० श्री सर्वेन्द्रनाथ शुक्ला
१०. मा० श्री रञ्जिता श्रेष्ठ
११. मा० श्री प्रेम सुवाल
१२. मा० श्री चित्रबहादुर के.सी.
१३. मा० डा० अमरेश कुमार सिंह
१४. मा० श्री प्रभु साह
१५. मा० श्री योगेन्द्र मण्डल

तत्पश्चात सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले छलफलका क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले नेपालको संविधानको धारा ७६ को उपधारा (४) बमोजिम आफुमाथि प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्न प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १५२ को उपनियम (४) बमोजिम राख्नुभएको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सोही नियमको उपनियम (७) बमोजिम सदस्यको दस्तखत सहितको मत विभाजनद्वारा मत संकलन गरिने जानकारी गराउँदै मत विभाजनको प्रक्रियाको सम्बन्धमा जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले नेपालको संविधानको धारा ७६ को उपधारा (४) बमोजिम आफुमाथि प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्न राख्नुभएको प्रस्तावलाई मत विभाजन गरी मत संकलन गर्दा प्रतिनिधि सभामा तत्काल उपस्थित भै मतदान गर्ने मा० सदस्यहरुको संख्या जम्मा २७० (दुईसय सत्तरी) रहेकोमा सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्न राख्नुभएको प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा जम्मा २६८ (दुईसय अट्सट्ठी) मत र विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा जम्मा २ (दुई) मत र प्रस्तावको "मत दिन्न" भन्ने पक्षमा शून्य मत परेकोले सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले नेपालको संविधानको धारा ७६ को उपधारा (४) बमोजिम आफुमाथि प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्न राख्नुभएको प्रस्ताव प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट पारित भएको घोषणा गर्नुभयो ।

सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले नेपालको संविधानको धारा ७६ को उपधारा (४) बमोजिम आफुमाथि प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्न राख्नुभएको प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा मतदान गर्नुहुने मा० सदस्यहरु :-

१. मा० श्री अच्युत प्रसाद मैनाली
२. मा० श्री अजय कुमार चौरसिया
३. मा० श्री अन्जनी श्रेष्ठ
४. मा० श्री अनिता देवी
५. मा० श्री अनिशा नेपाली
६. मा० श्री अब्दुल खांन
७. मा० श्री अमन लाल मोदी
८. मा० श्री अम्वर बहादुर रायामाझी
९. मा० श्री अम्मर बहादुर थापा
१०. मा० डा० अमरेश कुमार सिह
११. मा० श्री अमृत लाल राजवंशी
१२. मा० श्री अमृता देवी अग्रहरी
१३. मा० श्री अर्जुन नरसिंह के.सी.
१४. मा० श्री अरुन कुमार चौधरी
१५. मा० श्री अशोक कुमार चौधरी
१६. मा० श्री अशोक कुमार राई
१७. मा० श्री अस्मा कुमारी चौधरी
१८. मा० श्री असिम शाह

१९. मा० डा० आरजु राणा
२०. मा० श्री आशा वि.क.
२१. मा० श्री इन्दिरा राना
२२. मा० श्री ईश्वर वहादुर रिजाल
२३. मा० श्री ईश्वरी घर्ती
२४. मा० श्री ईश्वरी देवी न्यौपाने
२५. मा० श्री उदय शंशेर ज.ब.रा.
२६. मा० श्री उमरावती देवी
२७. मा० श्री उर्मिला थेवे
२८. मा० श्री उर्मिला माझी
२९. मा० श्री ऋषिकेश पोखरेल
३०. मा० श्री एक नाथ ढकाल
३१. मा० श्री ऐन बहादुर शाही ठकुरी
३२. मा० श्री कल्पना चौधरी
३३. मा० श्री कल्पना मियाँ कुसारी
३४. मा० श्री कान्तिका सेजुवाल
३५. मा० श्री कालुराम राई
३६. मा० श्री किरण कुमार साह
३७. मा० श्री कुसुमदेवी थापा
३८. मा० श्री कृष्ण कुमार श्रेष्ठ
३९. मा० श्री कृष्ण गोपाल श्रेष्ठ
४०. मा० श्री के.पी. शर्मा ओली
४१. मा० श्री खम बहादुर गर्बुजा
४२. मा० श्री गगन कुमार थापा
४३. मा० श्री गणेश पराजुली
४४. मा० श्री गिता बस्नेत
४५. मा० श्री गोकर्ण राज विष्ट
४६. मा० श्री गोकुल प्रसाद वाँस्कोटा
४७. मा० श्री गोमा लाभ (सापकोटा)
४८. मा० श्री गंगा कार्की
४९. मा० श्री गंगा प्रसाद यादव
५०. मा० श्री गंगा राम चौधरी
५१. मा० श्री चन्दा कार्की भण्डारी
५२. मा० श्री चन्दा चौधरी
५३. मा० डा० चन्द्रकान्त भण्डारी
५४. मा० डा० चन्द्र कान्त राउत
५५. मा० श्री चन्द्र बहादुर विश्वकर्मा
५६. मा० श्री छविलाल विश्वकर्मा
५७. मा० श्री छिरिङ डम्डुल लामा (भोटे)
५८. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)
५९. मा० श्री जनार्दन शर्मा
६०. मा० श्री ज्वाला कुमारी साह
६१. मा० श्री जावेदा खातुन जागा
६२. मा० श्री जीवन परियार
६३. मा० श्री जुली कुमारी महतो (महासेठ)
६४. मा० श्री टोप बहादुर रायमाझी
६५. मा० श्री ठाकुर प्रसाद गैरे
६६. मा० श्री डिग बहादुर लिम्बु
६७. मा० श्री डिल्ली राज पन्त
६८. मा० श्री डोल प्रसाद अर्याल
६९. मा० श्री ढाका कुमार श्रेष्ठ
७०. मा० श्री तारा लामा तामाङ
७१. मा० श्री तेजु लाल चौधरी
७२. मा० डा० तोसीमा कार्की
७३. मा० श्री दयाल बहादुर शाही
७४. मा० श्री दामोदर पौडेल वैरागी
७५. मा० श्री दामोदर भण्डारी
७६. मा० श्री दिक्पाल कुमार शाहि
७७. मा० श्री दिनेश कुमार यादव
७८. मा० श्री दिपक खड्का
७९. मा० श्री दिपक गिरी
८०. मा० श्री दिपक बहादुर सिंह
८१. मा० श्री दिपक बोहरा
८२. मा० श्री दिपा शर्मा
८३. मा० श्री दिलेन्द्र प्रसाद बडू
८४. मा० श्री दीपक कार्की
८५. मा० श्री दुर्गा राई
८६. मा० श्री दुर्लभ थापा क्षेत्री
८७. मा० श्री देव प्रसाद तिमलसेना
८८. मा० श्री देव राज घिमिरे
८९. मा० श्री देवि प्रकाश भट्टचन
९०. मा० श्री देवेन्द्र पौडेल
९१. मा० श्री धन बहादुर बुढा
९२. मा० श्री धनराज गुरुङ्ग
९३. मा० श्री धवलशम्मशेर जगंबहादुर राणा
९४. मा० श्री धुब्र बहादुर प्रधान
९५. मा० श्री नवल किसोर साह सुडी
९६. मा० श्री नागिना यादव
९७. मा० डा० नारायण खड्का
९८. मा० श्री नारायण प्रकाश साउद
९९. मा० श्री नारायण प्रसाद आचार्य
१००. मा० श्री नारायणी शर्मा
१०१. मा० श्री निर्मला कोइराला
१०२. मा० श्री निशा डागी
१०३. मा० श्री नैनकला थापा
१०४. मा० श्री पदम गिरी
१०५. मा० श्री पुष्प कमल दाहाल (प्रचण्ड)
१०६. मा० श्री पुष्प बहादुर शाह
१०७. मा० श्री पूर्ण बहादुर खड्का
१०८. मा० श्री पूर्ण बहादुर घर्ति मगर
१०९. मा० श्री पूर्ण वहादुर तमाङ्ग
११०. मा० श्री पृथ्वी सुव्वा गुरुङ
१११. मा० श्री प्रकाश अधिकारी
११२. मा० श्री प्रकाश ज्वाला
११३. मा० श्री प्रकाश मान सिंह
११४. मा० डा० प्रकाश शरण महत

११५. मा० श्री प्रतिमा गौतम
११६. मा० श्री प्रतिक्षा तिवारी
११७. मा० श्री प्रदिप पौडेल
११८. मा० श्री प्रदिप यादव
११९. मा० श्री प्रभु साह
१२०. मा० श्री प्रभु हजरा दुसाध
१२१. मा० श्री प्रेम बहादुर आले
१२२. मा० श्री प्रेम बहादुर महर्जन
१२३. मा० श्री बद्री प्रसाद पाण्डे
१२४. मा० श्री बर्षमान पुन
१२५. मा० श्री बलराम अधिकारी
१२६. मा० श्री बसन्त कुमार नेम्वाङ्ग
१२७. मा० श्री बासु देव घिमिरे
१२८. मा० श्री बिना कुमारी थनैत
१२९. मा० श्री बिना देवी
१३०. मा० श्री बिनिता कठायत
१३१. मा० श्री बिमला सुवेदी
१३२. मा० श्री बुद्धिमान तामाङ्ग
१३३. मा० श्री भगवती चौधरी
१३४. मा० श्री भानुभक्त जोशी
१३५. मा० श्री भीम प्रसाद आचार्य
१३६. मा० श्री मंगल प्रसाद गुप्ता
१३७. मा० श्री मन्जु खांण
१३८. मा० श्री मन बहादुर गुरुङ्ग
१३९. मा० श्री मनिष झा
१४०. मा० श्री महन्थ ठाकुर
१४१. मा० श्री महिन्द्र राय यादव
१४२. मा० श्री महेन्द्र कुमार राय
१४३. मा० श्री महेन्द्र बहादुर शाही
१४४. मा० श्री महेश कुमार वर्तौला
१४५. मा० श्री महेश बस्नेत
१४६. मा० श्री माधव कुमार नेपाल
१४७. मा० श्री माधव सापकोटा
१४८. मा० श्री मानबीर राई
१४९. मा० श्री माया राई
१५०. मा० श्री मिना तामाङ
१५१. मा० श्री मिना यादव
१५२. मा० श्री मुक्ता कुमारी यादव
१५३. मा० श्री मेटमणि चौधरी
१५४. मा० श्री मेनका कुमारी पोखरेल
१५५. मा० श्री मैना कार्की
१५६. मा० श्री मोहन आचार्य
१५७. मा० श्री मोहन बहादुर बस्नेत
१५८. मा० श्री योगेन्द्र मण्डल
१५९. मा० श्री योगेश कुमार भट्टराई
१६०. मा० श्री योगेश गौचन थकाली
१६१. मा० श्री रघुबीर महासेठ
१६२. मा० श्री रघूजी पन्त
१६३. मा० श्री रण कुमारी वलम्पाकी मगर
१६४. मा० श्री रणेन्द्र बराली
१६५. मा० श्री रन्जिता श्रेष्ठ
१६६. मा० श्री रन्जु कुमारी झा
१६७. मा० श्री रमा कोईराला पौड्याल
१६८. मा० श्री रमेश रिजाल
१६९. मा० श्री रमेश लेखक
१७०. मा० श्री रवि लामिछाने
१७१. मा० श्री राज किशोर यादव
१७२. मा० श्री राज कुमार गुप्ता
१७३. मा० श्री राजु थापा
१७४. मा० श्री राजेन्द्र कुमार के.सी.
१७५. मा० श्री राजेन्द्र कुमार राई
१७६. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
१७७. मा० श्री राजेन्द्र प्रसाद लिङ्देन
१७८. मा० श्री राजेन्द्र बजगाई
१७९. मा० श्री राम कुमार राई
१८०. मा० श्री राम कृष्ण यादव
१८१. मा० श्री रामचन्द्र पौडेल
१८२. मा० श्री रामनाथ अधिकारी
१८३. मा० श्री राम प्रकाश चौधरी
१८४. मा० श्री राम शंकर यादव
१८५. मा० श्री रामसहाय प्रसाद यादव
१८६. मा० श्री राम हरि खतिवडा
१८७. मा० श्री रुक्मणी राना बराइली
१८८. मा० श्री रुपा वि.क.
१८९. मा० श्री रुपा सो. शी (चौधरी)
१९०. मा० श्री रेखा यादव
१९१. मा० श्री रेखा शर्मा
१९२. मा० श्री रोसन कार्की
१९३. मा० श्री लक्ष्मी तिवारी
१९४. मा० श्री लक्ष्मी महतो कोइरी
१९५. मा० श्री लाल प्रसाद साँवा लिम्बू
१९६. मा० श्री लालविर चौधरी
१९७. मा० श्री लिला देवी वोखिम (लिम्बू)
१९८. मा० श्री लिलानाथ श्रेष्ठ
१९९. मा० श्री लेख नाथ दाहाल
२००. मा० श्री विक्रम पाण्डे
२०१. मा० श्री विजुला रायमाझी
२०२. मा० श्री विद्या भट्टराई
२०३. मा० श्री विना लामा
२०४. मा० श्री विनिता कुमारी सिंह
२०५. मा० श्री विनोद कुमार चौधरी
२०६. मा० श्री विमलेन्द्र निधी
२०७. मा० श्री विर बहादुर बलायर
२०८. मा० श्री विराज भक्त श्रेष्ठ
२०९. मा० श्री विरेन्द्र प्रसाद महतो
२१०. मा० श्री विश्व प्रकाश शर्मा

२११. मा० श्री विष्णु कुमार कार्की
२१२. मा० श्री विष्णु प्रसाद पौडेल
२१३. मा० श्री वीना जैसवाल
२१४. मा० श्री शक्ति बहादुर वस्नेत
२१५. मा० श्री शरत सिंह भण्डारी
२१६. मा० श्री श्याम कुमार घिमिरे
२१७. मा० डा० शशांक कोइराला
२१८. मा० श्री शहनाज रहमान
२१९. मा० श्री शान्ती वि.क.
२२०. मा० श्री शान्ती श्रेष्ठ
२२१. मा० श्री शिव नेपाली
२२२. मा० श्री शिशिर खनाल
२२३. मा० डा० शुनिल कुमार शर्मा
२२४. मा० डा० शेखर कोइराला
२२५. मा० श्री शेर बहादुर कुँवर
२२६. मा० श्री शेर बहादुर देउवा
२२७. मा० श्री शोभा ज्ञवाली
२२८. मा० श्री शंकर भण्डारी
२२९. मा० श्री सन्तोष चालिसे
२३०. मा० श्री सन्तोष परियार
२३१. मा० श्री सपना राज भण्डारी
२३२. मा० श्री सम्झना थपलिया
२३३. मा० श्री सर्वेन्द्र नाथ शुक्ला
२३४. मा० श्री सरस्वती वजिमय
२३५. मा० श्री सरस्वती सुब्बा
२३६. मा० श्री सराज अहमद फारुकी
२३७. मा० श्री सरिता प्रसाई
२३८. मा० श्री सरिता भुसाल
२३९. मा० श्री सान्ती चौधरी
२४०. मा० श्री सिता कुमारी राना
२४१. मा० श्री सिता गुरुङ्ग
२४२. मा० श्री सिता मिजार
२४३. मा० श्री सुदन किराती
२४४. मा० श्री सुनिता बराल
२४५. मा० श्री सुमना श्रेष्ठ
२४६. मा० श्री सुरेन्द्र राज आचार्य
२४७. मा० श्री सुवास चन्द्र नेम्वाङ्ग
२४८. मा० श्री सुशिला थिङ
२४९. मा० श्री सुशिला सिर्पाली ठकुरी
२५०. मा० श्री सुशीला श्रेष्ठ
२५१. मा० श्री सूर्य कुमारी श्रेष्ठ
२५२. मा० श्री सूर्य प्रसाद ढकाल
२५३. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
२५४. मा० श्री सूर्य मान तामाङ (दोङ)
२५५. मा० श्री सोनु मुर्मु
२५६. मा० श्री सोविता गौतम
२५७. मा० श्री संगीता मण्डल धानुक
२५८. मा० श्री संजय कुमार गौतम
२५९. मा० श्री हर्कमाया विश्वकर्मा
२६०. मा० श्री हरि ढकाल
२६१. मा० श्री हरि प्रसाद उप्रेती
२६२. मा० श्री हित बहादुर तामाङ
२६३. मा० श्री हितराज पाण्डे
२६४. मा० श्री हेमराज राई
२६५. मा० श्री हृदयराम थानी
२६६. मा० श्री ज्ञान बहादुर शाही
२६७. मा० श्री ज्ञानु बस्नेत सुवेदी
२६८. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की

सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले नेपालको संविधानको धारा ७६ को उपधारा (४) बमोजिम आफुमाथि प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्न राख्नुभएको प्रस्तावको विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा मतदान गर्नुहुने मा० सदस्यहरु :-

१. मा० श्री चित्र बहादुर के.सी.
२. मा० श्री प्रेम सुवाल

तत्पश्चात सम्माननीय सभामुखले सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्नुभएकोमा हार्दिक बधाई ज्ञापन गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ७ बमोजिम प्रतिनिधि सभाको सभामुख पदको निर्वाचनको लागि यही २०७९ साल माघ ५ गते बिहीबारको दिन तोकेको र सोही नियमको उपनियम (१) बमोजिम संघीय संसदको महासचिव डा० भरतराज गौतमलाई सभामुख पदको निर्वाचन कार्यक्रम सम्बन्धी सूचना मिति २०७९ माघ ३ गते मंगलबारका दिन प्रकाशित गर्न समेत निर्देशन दिनुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल माघ ५ गते बिहीबार बिहान ११:०० बजे बस्नेगरी आजको बैठक दिनको ५:३५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
बैठक संख्या - ३

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल माघ ५ गते बिहीबार

प्रतिनिधि सभाको आजको बैठक माननीय ज्येष्ठ सदस्य/सम्माननीय सभामुख श्री पशुपति शम्शेर ज.ब.रा.को अध्यक्षतामा बिहान ११:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै मा० श्री रमेश लेखकले २०७९ साल माघ १ गते काठमाडौंबाट पोखरा गएको यति एयरलाइन्सको विमान दुर्घटनामा परि विमानमा सवार ७२ जनाको दु:खद निधन भएको, दुर्घटनामा परेकाहरुको शव समयमा नपाउँदा आफन्तजनमा आक्रोश रहेको, यति ठूलो विमान दुर्घटना हुँदा पनि सरकारले अग्रसरता लिई सदनलाई घटनाका सम्बन्धमा जानकारी नगराएकोले आजको कार्यसूचीमा भएको कार्यक्रमलाई पछि सारेर भएपनि सरकारको तर्फबाट उक्त विमान दुर्घटनाका सम्बन्धमा तत्काल सदनलाई जानकारी गराईयोस् भन्नुभयो ।

त्यसपछि मा० श्री प्रेम सुवालले २०७९ पुस २६ गतेपछि प्रतिनिधि सभामा प्रधानमन्त्रीलाई विश्वासको मत नदिने सबैभन्दा ठूलो पार्टीको रुपमा नेपाल मजदुर किसान पार्टी रहेकोले कानूनी व्यवस्था बमोजिम प्रमुख विपक्षी दल हुनुपर्ने, नेपाल मजदुर किसान पार्टीलाई प्रमुख विपक्षी दल तोकिएपछि मात्र प्रतिनिधि सभाको बैठक सञ्चालन गर्नुपर्ने, संसदीय व्यवस्थामा सरकारका विभिन्न पदमा साझेदारी गर्ने दल प्रमुख विपक्षी दल हुन नसक्ने लगायतका विषयमा आफ्नो भनाई राख्नुभयो ।

तदुपरान्त मा० सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किरातीले २०७९ साल माघ १ गते काठमाडौंबाट पोखरा गएको यति एयरलाइन्सको विमान पोखरा विमानस्थल नजिकै दुर्घटना भएको, घटना लगत्तै उद्धारको प्रक्रिया अघि बढाइएको, विमान दुर्घटनाको सम्बन्धमा छानविन गर्न समिति गठन भएको र पहिचान भएका शवहरु आफन्तलाई यथाशिघ्र बुझाइएको र पहिचान नभएका शवहरुको समेत पहिचान गर्ने प्रक्रिया अगाडि बढाइएको सम्बन्धमा सदनलाई जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहालज्यूको सिफारिसमा मिति २०७९/१०/३ गते देहाय बमोजिमको मन्त्रिपरिषद् गठन गरी नियुक्ति र कार्यविभाजन समेत गर्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

क्र.सं.	नाम, थर	पद	कार्यविभाजन
१.	श्री पुष्पकमल दाहाल "प्रचण्ड"	प्रधानमन्त्री	युवा तथा खेलकुद; वन तथा वातावरण ।
२.	श्री विष्णुप्रसाद पौडेल	उपप्रधानमन्त्री	अर्थ ।
३.	श्री नारायणकाजी श्रेष्ठ	उपप्रधानमन्त्री	भौतिक पूर्वाधार तथा यातायात ।
४.	श्री रबि लामिछाने	उपप्रधानमन्त्री	गृह ।
५.	श्री राजेन्द्रप्रसाद लिङ्देन	उपप्रधानमन्त्री	ऊर्जा, जलस्रोत तथा सिँचाई ।
६.	श्री रेखा शर्मा	मन्त्री	सञ्चार तथा सूचना प्रविधि ।
७.	श्री विक्रम पाण्डे	मन्त्री	सहरी विकास ।
८.	श्री ज्वाला कुमारी साह	मन्त्री	कृषि तथा पशुपंक्षी विकास ।
९.	श्री दामोदर भण्डारी	मन्त्री	उद्योग, वाणिज्य तथा आपूर्ति ।
१०.	श्री राजेन्द्र कुमार राई	मन्त्री	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण ।
११.	श्री अब्दुल खान	मन्त्री	खानेपानी ।
१२.	डा० विमला राई पौड्याल	मन्त्री	परराष्ट्र ।
१३.	श्री पदम गिरी	मन्त्री	स्वास्थ्य तथा जनसंख्या ।
१४.	श्री भगवती चौधरी	मन्त्री	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक ।
१५.	श्री हरिप्रसाद उप्रेती	मन्त्री	रक्षा ।
१६.	श्री सुदन किराती	मन्त्री	सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन ।
१७.	श्री अमनलाल मोदी	मन्त्री	सङ्घीय मामिला तथा सामान्य प्रशासन ।
१८.	श्री शिशिर खनाल	मन्त्री	शिक्षा विज्ञान तथा प्रविधि ।

क्र.सं.	नाम, थर	पद	कार्यविभाजन
१९.	श्री डोलप्रसाद अर्याल	मन्त्री	श्रम, रोजगार तथा सामाजिक सुरक्षा ।
२०.	श्री ध्रुवबहादुर प्रधान	मन्त्री	कानुन, न्याय, तथा संसदीय मामिला ।
२१.	श्री सुशिला श्रीपाली ठकुरी	राज्यमन्त्री	सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन ।
२२.	डा० तोसिमा कार्की	राज्यमन्त्री	स्वास्थ्य तथा जनसंख्या ।
२३.	श्री दिपकबहादुर सिंह	राज्यमन्त्री	ऊर्जा, जलस्रोत तथा सिँचाई ।

(यादवप्रसाद कोइराला)
सचिव

मिति : २०७९/१०/३

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभाको सभामुख पदको निर्वाचन कार्यक्रम अनुसार सभामुख पदमा मा० सदस्य श्री देवराज घिमिरे र मा० सदस्य श्री ईश्वरी देवी न्यौपानेलाई निर्वाचित गरियोस् भन्ने दुईवटा प्रस्तावहरुको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त पहिलो प्रस्तावका प्रस्तावक मा० श्री सुवासचन्द्र नेम्वाङ्गले "यस सभाका माननीय सदस्य श्री देवराज घिमिरेलाई प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुभयो ।

यसैबीच सम्माननीय सभामुखले पहिलो प्रस्तावका प्रस्तावक मा० श्री सुवासचन्द्र नेम्वाङ्गलाई प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुहुँदा मा० श्री रामहरि खतिवडाले नियमापत्ति गर्नुहुँदै सदनमा अहिले सभामुख पदको निर्वाचन हुन गइरहेको र सदनमा हत्या अभियोग लागेका सदस्य समेत उपस्थित भएको भन्ने सुनिएकोले उहाँले सभामुख निर्वाचनको मतदान प्रक्रियामा सहभागी हुन पाउने नपाउने विषयमा निर्णय गरेर मात्र सदनको कारवाही अगाडि बढाउनु पर्दछ भन्नुभयो ।

तत्पश्चात उक्त प्रस्तावका समर्थक मा० श्री हितराज पाण्डे, मा० उपप्रधानमन्त्री एवं ऊर्जा, जलस्रोत तथा सिचाई मन्त्री श्री राजेन्द्रप्रसाद लिङ्देन र मा० उपप्रधानमन्त्री एवं गृह मन्त्री श्री रवि लामिछानेले प्रस्तावको समर्थन गर्नुभयो ।

त्यसपछि दोस्रो प्रस्तावका प्रस्तावक मा० श्री विश्वप्रकाश शर्माले "यस सभाका माननीय सदस्य श्री ईश्वरी देवी न्यौपानेलाई सभामुख पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त उक्त प्रस्तावका समर्थक मा० श्री प्रकाश ज्वालाले प्रस्तावको समर्थन गर्नुभयो ।

तत्पश्चात प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित गरियोस् भन्ने दुईवटै प्रस्तावहरुमाथि दलीय प्रतिनिधित्वको आधारमा भएको संक्षिप्त छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री विमलेन्द्र निधी
२. मा० श्री योगेश कुमार भट्टराई
३. मा० श्री माधव सापकोटा
४. मा० श्री मनिष झा
५. मा० श्री ज्ञान बहादुर शाही
६. मा० श्री प्रकाश अधिकारी
७. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
८. मा० श्री चन्द्र कान्त राउत
९. मा० श्री शरतसिंह भण्डारी
१०. मा० श्री गंगाराम चौधरी
११. मा० श्री प्रेम सुवाल
१२. मा० श्री चित्रबहादुर के.सी.
१३. मा० डा० अमरेश कुमार सिंह
१४. मा० श्री प्रभु साह
१५. मा० श्री योगेन्द्र मण्डल

त्यसपछि सम्माननीय सभामुखले मा० श्री सुवासचन्द्र नेम्वाङ्ग र मा० श्री विश्वप्रकाश शर्मालाई आ-आफ्नो प्रस्ताव फिर्ता लिन समय दिनुहुँदा उहाँहरुले आफ्नो प्रस्ताव फिर्ता नलिने जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावहरु मध्ये कायम रहेका प्रस्तावहरुलाई प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ७ को उपनियम (४) बमोजिम क्रमशः निर्णयार्थ प्रस्तुत गरिने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो । साथै उहाँले पहिलो प्रस्ताव अर्थात् "यस सभाका माननीय सदस्य श्री देवराज घिमिरेलाई प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्ताव प्रतिनिधि सभा नियमावली, २०७५ बमोजिम प्रतिनिधि सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट पारित हुनुपर्ने भएकाले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा प्रतिनिधि सभा नियमावली, २०७५ का नियम ७ को उपनियम (६) बमोजिम दस्तखत सहितको मत विभाजनद्वारा मत संकलन गरिने जानकारी गराउँदै मत विभाजनको प्रक्रियाको सम्बन्धमा जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "यस सभाका माननीय सदस्य श्री देवराज घिमिरेलाई प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावलाई मत विभाजन गरी मत संकलन गर्दा प्रतिनिधि सभामा तत्काल उपस्थित भै मतदान गर्ने मा० सदस्यहरुको संख्या जम्मा २६८ (दुईसय अठ्सट्ठी) रहेकोमा "यस सभाका माननीय सदस्य श्री देवराज घिमिरेलाई प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा जम्मा १६७ (एकसय सत्सट्ठी) मत र विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा जम्मा १०० (एकसय) मत र प्रस्तावको "मत

दिन्न" भन्ने पक्षमा १ (एक) मत परेकोले "यस सभाका माननीय सदस्य श्री देवराज घिमिरेलाई प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्ताव प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट पारित भएको घोषणा गर्नुभयो ।

"यस सभाका माननीय सदस्य श्री देवराज घिमिरेलाई प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा मतदान गर्नुहुने मा० सदस्यहरु :-

१. मा० श्री अच्युत प्रसाद मैनाली
२. मा० श्री अनिता देवी
३. मा० श्री अनिशा नेपाली
४. मा० श्री अब्दुल खांन
५. मा० श्री अमन लाल मोदी
६. मा० श्री अम्वर बहादुर रायामाझी
७. मा० डा० अमरेश कुमार सिह
८. मा० श्री अमृत लाल राजवंशी
९. मा० श्री अमृता देवी अग्रहरी
१०. मा० श्री अरुन कुमार चौधरी
११. मा० श्री अशोक कुमार चौधरी
१२. मा० श्री अशोक कुमार राई
१३. मा० श्री अस्मा कुमारी चौधरी
१४. मा० श्री असिम शाह
१५. मा० श्री इन्दिरा राना
१६. मा० श्री ईश्वर वहादुर रिजाल
१७. मा० श्री ईश्वरी घर्ती
१८. मा० श्री उमरावती देवी
१९. मा० श्री उर्मिला थेवे
२०. मा० श्री उर्मिला माझी
२१. मा० श्री ऋषिकेश पोखरेल
२२. मा० श्री एक नाथ ढकाल
२३. मा० श्री कल्पना मियाँ कुसारी
२४. मा० श्री कालुराम राई
२५. मा० श्री किरण कुमार साह
२६. मा० श्री कृष्ण गोपाल श्रेष्ठ
२७. मा० श्री के.पी. शर्मा ओली
२८. मा० श्री गणेश पराजुली
२९. मा० श्री गिता बस्नेत
३०. मा० श्री गोकर्ण राज विष्ट
३१. मा० श्री गोकुल प्रसाद वाँस्कोटा
३२. मा० श्री गोमा लाभ (सापकोटा)
३३. मा० श्री गंगा कार्की
३४. मा० श्री गंगा प्रसाद यादव
३५. मा० श्री गंगा राम चौधरी
३६. मा० श्री चन्दा कार्की भण्डारी
३७. मा० डा० चन्द्र कान्त राउत
३८. मा० श्री चन्द्र बहादुर विश्वकर्मा
३९. मा० श्री छविलाल विश्वकर्मा
४०. मा० श्री छिरिङ डम्डुल लामा (भोटे)
४१. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)
४२. मा० श्री जनार्दन शर्मा
४३. मा० श्री ज्वाला कुमारी साह
४४. मा० श्री जुली कुमारी महतो (महासेठ)
४५. मा० श्री टोप बहादुर रायमाझी
४६. मा० श्री ठाकुर प्रसाद गैरे
४७. मा० श्री डोल प्रसाद अर्याल
४८. मा० श्री ढाका कुमार श्रेष्ठ
४९. मा० श्री तारा लामा तामाङ
५०. मा० डा० तोसीमा कार्की
५१. मा० श्री दयाल बहादुर शाही
५२. मा० श्री दामोदर पौडेल वैरागी
५३. मा० श्री दामोदर भण्डारी
५४. मा० श्री दिपक बहादुर सिंह
५५. मा० श्री दिपक बोहरा
५६. मा० श्री दिपा शर्मा
५७. मा० श्री दीपक कार्की
५८. मा० श्री दुर्गा राई
५९. मा० श्री देव राज घिमिरे
६०. मा० श्री देवि प्रकाश भट्टचन
६१. मा० श्री देवेन्द्र पौडेल
६२. मा० श्री धवलशम्मशेर जगंबहादुर राणा
६३. मा० श्री धुव्र बहादुर प्रधान
६४. मा० श्री नवल किसोर साह सुडी
६५. मा० श्री नारायण प्रसाद आचार्य
६६. मा० श्री नारायणी शर्मा
६७. मा० श्री निर्मला कोइराला
६८. मा० श्री निशा डागी
६९. मा० श्री नैनकला थापा
७०. मा० श्री पदम गिरी
७१. मा० श्री पुष्प कमल दाहाल (प्रचण्ड)
७२. मा० श्री पूर्ण बहादुर घर्ति मगर
७३. मा० श्री पृथ्वी सुव्वा गुरुङ
७४. मा० श्री प्रकाश अधिकारी
७५. मा० श्री प्रतिक्षा तिवारी
७६. मा० श्री प्रदिप यादव
७७. मा० श्री प्रभु साह
७८. मा० श्री प्रभु हजरा दुसाध
७९. मा० श्री प्रेम बहादुर महर्जन
८०. मा० श्री बलराम अधिकारी
८१. मा० श्री बसन्त कुमार नेम्वाङ्ग
८२. मा० श्री बासु देव घिमिरे
८३. मा० श्री बिना देवी
८४. मा० श्री बिनिता कठायत
८५. मा० श्री बिमला सुवेदी
८६. मा० श्री बुद्धिमान तामाङ्ग

८७. मा० श्री भगवती चौधरी
८८. मा० श्री भीम प्रसाद आचार्य
८९. मा० श्री मंगल प्रसाद गुप्ता
९०. मा० श्री मन बहादुर गुरुङ्ग
९१. मा० श्री मनिष झा
९२. मा० श्री महिन्द्र राय यादव
९३. मा० श्री महेन्द्र बहादुर शाही
९४. मा० श्री महेश कुमार वर्तौला
९५. मा० श्री महेश बस्नेत
९६. मा० श्री माधव सापकोटा
९७. मा० श्री मानबीर राई
९८. मा० श्री मिना तामाङ
९९. मा० श्री मिना यादव
१००. मा० श्री मेनका कुमारी पोखरेल
१०१. मा० श्री योगेन्द्र मण्डल
१०२. मा० श्री योगेश कुमार भट्टराई
१०३. मा० श्री रघुबीर महासेठ
१०४. मा० श्री रघूजी पन्त
१०५. मा० श्री रण कुमारी वलम्पाकी मगर
१०६. मा० श्री रणेन्द्र बराली
१०७. मा० श्री रन्जिता श्रेष्ठ
१०८. मा० श्री रन्जु कुमारी झा
१०९. मा० श्री रवि लामिछाने
११०. मा० श्री राज किशोर यादव
१११. मा० श्री राज कुमार गुप्ता
११२. मा० श्री राजेन्द्र कुमार राई
११३. मा० श्री राजेन्द्र प्रसाद लिङ्देन
११४. मा० श्री राम कुमार राई
११५. मा० श्री राम शंकर यादव
११६. मा० श्री रामसहाय प्रसाद यादव
११७. मा० श्री रुक्मणी राना बराइली
११८. मा० श्री रुपा सो. शी (चौधरी)
११९. मा० श्री रेखा यादव
१२०. मा० श्री रेखा शर्मा
१२१. मा० श्री रोसन कार्की
१२२. मा० श्री लक्ष्मी तिवारी
१२३. मा० श्री लाल प्रसाद साँवा लिम्बू
१२४. मा० श्री लालविर चौधरी
१२५. मा० श्री लिलानाथ श्रेष्ठ
१२६. मा० श्री लेख नाथ दाहाल
१२७. मा० श्री विक्रम पाण्डे
१२८. मा० श्री विजुला रायमाझी
१२९. मा० श्री विद्या भट्टराई
१३०. मा० श्री विना लामा
१३१. मा० श्री विनिता कुमारी सिंह
१३२. मा० श्री विराज भक्त श्रेष्ठ
१३३. मा० श्री विरेन्द्र प्रसाद महतो
१३४. मा० श्री विष्णु प्रसाद पौडेल
१३५. मा० श्री वीना जैसवाल
१३६. मा० श्री शक्ति बहादुर वस्नेत
१३७. मा० श्री शहनाज रहमान
१३८. मा० श्री शान्ती श्रेष्ठ
१३९. मा० श्री शिव नेपाली
१४०. मा० श्री शिशिर खनाल
१४१. मा० श्री शोभा ज्ञवाली
१४२. मा० श्री सन्तोष परियार
१४३. मा० श्री सम्झना थपलिया
१४४. मा० श्री सरस्वती सुब्बा
१४५. मा० श्री सराज अहमद फारुकी
१४६. मा० श्री सरिता भुसाल
१४७. मा० श्री सान्ती चौधरी
१४८. मा० श्री सुदन किराती
१४९. मा० श्री सुनिता बराल
१५०. मा० श्री सुमना श्रेष्ठ
१५१. मा० श्री सुवास चन्द्र नेम्वाङ्ग
१५२. मा० श्री सुशिला सिर्पाली ठकुरी
१५३. मा० श्री सुशीला श्रेष्ठ
१५४. मा० श्री सूर्य कुमारी श्रेष्ठ
१५५. मा० श्री सूर्य प्रसाद ढकाल
१५६. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
१५७. मा० श्री सूर्य मान तामाङ (दोङ)
१५८. मा० श्री सोनु मुर्मु
१५९. मा० श्री सोविता गौतम
१६०. मा० श्री हर्कमाया विश्वकर्मा
१६१. मा० श्री हरि ढकाल
१६२. मा० श्री हरि प्रसाद उप्रेती
१६३. मा० श्री हित बहादुर तामाङ
१६४. मा० श्री हितराज पाण्डे
१६५. मा० श्री हेमराज राई
१६६. मा० श्री ज्ञान बहादुर शाही
१६७. मा० श्री ज्ञानु बस्नेत सुवेदी

"यस सभाका माननीय सदस्य श्री देवराज घिमिरेलाई प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावको विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा मतदान गर्नुहुने मा० सदस्यहरु :-

१. मा० श्री अजय कुमार चौरसिया
२. मा० श्री अन्जनी श्रेष्ठ
३. मा० श्री अम्विका बस्नेत
४. मा० श्री अम्मर बहादुर थापा
५. मा० श्री अर्जुन नरसिंह के.सी.
६. मा० डा० आरजु राणा
७. मा० श्री आशा वि.क.
८. मा० श्री ईश्वरी देवी न्यौपाने
९. मा० श्री उदय शंशेर ज.ब.रा.
१०. मा० श्री ऐन बहादुर शाही ठकुरी

११. मा० श्री कल्पना चौधरी
१२. मा० श्री कान्तिका सेजुवाल
१३. मा० श्री किशोर सिह राठोर
१४. मा० श्री कुसुमदेवी थापा
१५. मा० श्री कृष्ण कुमार श्रेष्ठ
१६. मा० श्री खम बहादुर गर्बुजा
१७. मा० श्री गगन कुमार थापा
१८. मा० श्री चन्दा चौधरी
१९. मा० डा० चन्द्रकान्त भण्डारी
२०. मा० श्री चित्र बहादुर के.सी.
२१. मा० श्री जावेदा खातुन जागा
२२. मा० श्री जीवन परियार
२३. मा० श्री डिग बहादुर लिम्बु
२४. मा० श्री डिल्ली राज पन्त
२५. मा० श्री तेजु लाल चौधरी
२६. मा० श्री दिक्पाल कुमार शाहि
२७. मा० श्री दिनेश कुमार यादव
२८. मा० श्री दिपक खड्का
२९. मा० श्री दिपक गिरी
३०. मा० श्री दिलेन्द्र प्रसाद बडू
३१. मा० श्री दुर्लभ थापा क्षेत्री
३२. मा० श्री देव प्रसाद तिमलसेना
३३. मा० श्री धन बहादुर बुढा
३४. मा० श्री धनराज गुरुङ्ग
३५. मा० श्री नागिना यादव
३६. मा० डा० नारायण खड्का
३७. मा० श्री नारायण प्रकाश साउद
३८. मा० श्री पुष्प बहादुर शाह
३९. मा० श्री पूर्ण बहादुर खड्का
४०. मा० श्री पूर्ण वहादुर तमाङ्ग
४१. मा० श्री प्रकाश ज्वाला
४२. मा० श्री प्रकाश मान सिंह
४३. मा० डा० प्रकाश शरण महत
४४. मा० श्री प्रतिमा गौतम
४५. मा० श्री प्रदिप पौडेल
४६. मा० श्री प्रेम बहादुर आले
४७. मा० श्री बद्री प्रसाद पाण्डे
४८. मा० श्री भानुभक्त जोशी
४९. मा० श्री मन्जु खांण
५०. मा० श्री महन्थ ठाकुर
५१. मा० श्री महेन्द्र कुमार राय
५२. मा० श्री माधव कुमार नेपाल
५३. मा० श्री माया राई
५४. मा० श्री मुक्ता कुमारी यादव
५५. मा० श्री मेटमणि चौधरी
५६. मा० श्री मैना कार्की
५७. मा० श्री मोहन आचार्य
५८. मा० श्री मोहन बहादुर बस्नेत
५९. मा० श्री योगेश गौचन थकाली
६०. मा० श्री रमा कोईराला पौड्याल
६१. मा० श्री रमेश रिजाल
६२. मा० श्री रमेश लेखक
६३. मा० श्री राजु थापा
६४. मा० श्री राजेन्द्र कुमार के.सी.
६५. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
६६. मा० श्री राजेन्द्र बजगाई
६७. मा० श्री राम कृष्ण यादव
६८. मा० श्री रामचन्द्र पौडेल
६९. मा० श्री रामनाथ अधिकारी
७०. मा० श्री राम प्रकाश चौधरी
७१. मा० श्री राम हरि खतिवडा
७२. मा० श्री रुपा वि.क.
७३. मा० श्री लिला देवी वोखिम (लिम्बू)
७४. मा० श्री विनोद कुमार चौधरी
७५. मा० श्री विमलेन्द्र निधी
७६. मा० श्री विर बहादुर बलायर
७७. मा० श्री विश्व प्रकाश शर्मा
७८. मा० श्री विष्णु कुमार कार्की
७९. मा० श्री शरत सिंह भण्डारी
८०. मा० श्री श्याम कुमार घिमिरे
८१. मा० डा० शशांक कोइराला
८२. मा० श्री शान्ती वि.क.
८३. मा० डा० शुनिल कुमार शर्मा
८४. मा० डा० शेखर कोइराला
८५. मा० श्री शेर बहादुर कुँवर
८६. मा० श्री शेर बहादुर देउवा
८७. मा० श्री शंकर भण्डारी
८८. मा० श्री सन्तोष चालिसे
८९. मा० श्री सर्वेन्द्र नाथ शुक्ला
९०. मा० श्री सरस्वती वजिमय
९१. मा० श्री सरिता प्रसाई
९२. मा० श्री सिता कुमारी राना
९३. मा० श्री सिता गुरुङ्ग
९४. मा० श्री सिता मिजार
९५. मा० श्री सुरेन्द्र राज आचार्य
९६. मा० श्री सुशिला थिङ
९७. मा० श्री संगीता मण्डल धानुक
९८. मा० श्री संजय कुमार गौतम
९९. मा० श्री हृदयराम थानी
१००. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की

"यस सभाका माननीय सदस्य श्री देवराज घिमिरेलाई प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावको "मत दिन्न" भन्ने पक्षमा मतदान गर्नुहुने मा० सदस्यहरु :-

१. मा० श्री प्रेम सुवाल

तत्पश्चात सम्माननीय सभामुखले "यस सभाका माननीय सदस्य श्री देवराज घिमिरेलाई प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्ताव प्रतिनिधि सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतले पारित भई माननीय सदस्य श्री देवराज घिमिरे प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित हुनुभएकोले दोस्रो प्रस्ताव अर्थात् माननीय श्री विश्वप्रकाश शर्मा प्रस्तावक र माननीय श्री प्रकाश ज्वाला समर्थक हुनुभई "यस सभाका माननीय सदस्य श्री ईश्वरी देवी न्यौपानेलाई प्रतिनिधि सभाको सभामुख पदमा निर्वाचित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ७ को उपनियम (५) बमोजिम निर्णयार्थ प्रस्तुत गर्नु नपर्ने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले संघीय संसद, प्रतिनिधि सभाको सभामुख जस्तो गरिमामय पदमा निर्वाचित हुनु भएकोमा माननीय श्री देव राज घिमिरेलाई आफ्नो व्यक्तिगत एवं प्रतिनिधि सभाको तर्फबाट कार्यकालको सफलताको लागि शुभकामना व्यक्त गर्दै हार्दिक बधाई दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ८ बमोजिम प्रतिनिधि सभाको उपसभामुख पदको निर्वाचनको लागि यही २०७९ साल माघ ७ गते शनिबारको दिन तोकेको जानकारी गराउँदै सोही नियमको उपनियम (१) बमोजिम प्रतिनिधि सभाको सचिव श्री गोपालनाथ योगीलाई उपसभामुख पदको निर्वाचन कार्यक्रम सम्बन्धी सूचना आजै प्रकाशित गर्न समेत निर्देशन दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले आफुले संघीय संसद, प्रतिनिधि सभाको यस अधिवेशनमा ज्येष्ठ सदस्यको रुपमा बैठकको अध्यक्षता गर्न पाएकोमा ज्यादै खुशी र गौरवान्वित महशुस गरेको र आफ्नो अध्यक्षता अवधिभर बैठक सञ्चालनमा सहयोग पुऱ्याउनु हुने सभाका माननीय सदस्यहरु, नेपाल सरकार, संघीय संसदको महासचिव लगायत सचिवालयका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु भन्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले मिति २०७९ माघ १ गते पोखरामा भएको विमान दुर्घटनाका सम्बन्धमा निम्नलिखित विशेष प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

विशेष प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक २०७९ साल माघ १ गते आइतबार बिहान काठमाडौंबाट पोखराको लागि उडेको यती एयरलाइन्सको 9N-ANC-ATR-72-500 विमान पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नजिक सेती नदीको खोंचमा बिहान १०:५० बजे दुर्घटना भई ७२ जनाको दुःखद निधन भएको घटनाप्रति गहिरो दुःख प्रकट गर्दै दिवंगतहरुको आत्माको चिरशान्तिको कामना गर्दछ र शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछ ।"

तदुपरान्त सभाले यति एयरलाइन्सको विमान दुर्घटनामा दिवंगत हुनुभएकाहरुको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल माघ ७ गते शनिबार दिनको १:०० बजे बस्नेगरी आजको बैठक दिनको ३:३५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
बैठक संख्या - ४

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल माघ ७ गते शनिबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै मा० श्री रामहरि खतिवडाले हात उठाएर समय माग गर्नुहुँदै सभामुख पदमा निर्वाचित हुनुभएको सम्माननीय सभामुखलाई बधाई ज्ञापन गर्नुहुँदै गृह मन्त्रालयबाट अभियुक्त खोजीको विषयमा प्रकाशित गरिएको प्रेस विज्ञप्तिले देशको सुरक्षा व्यवस्थाप्रति प्रश्न खडा गरेको, अभियुक्त पक्रन नसक्ने तर प्रेस विज्ञप्ति मार्फत् विभिन्न सुरक्षा संगठनको गोप्य सूचना सार्वजनिक गर्ने कार्य चिन्ताको विषय भएकोले सो सम्बन्धमा मा० गृह मन्त्रीले यस सदनलाई जानकारी गराउनु पर्दछ र सोका लागि सम्माननीय सभामुखबाट रुलिङ्ग हुनुपर्दछ भन्नुभयो ।

त्यसपछि मा० श्री प्रेम सुवालले भारतको बहराइचमा ५३ जना नेपाली कारागारमा रहेको समाचार प्राप्त भएको, भारत देशभरि कति नेपाली नागरिक कारागारमा रहेका छन् सो को विवरण गृह मन्त्रालयसँग छ कि छैन, ६ महिना यता १३१ विदेशी उद्योगीलाई लगानी अनुमति दिएर स्वदेशी उद्योगीलाई धराशायी पार्न खोजिएको लगायतका विषयमा आफ्नो भनाई राख्नुहुँदै यो विषयमा सम्माननीय प्रधानमन्त्रीको जवाफ चाहिन्छ भन्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले कार्यसूचीमा रहेका विषयहरुलाई अघि बढाउनु भन्दा पहिला देहाय बमोजिम आफ्ना भनाईहरु राख्नुभयो ।

"प्रतिनिधि सभाको यो बैठकमा सभामुखको हैसियतले प्रथम पटक सम्बोधन गर्ने अवसर जुटाइ दिनु भएकोमा सम्पूर्ण माननीय सदस्यहरु प्रति हार्दिक आभार र कृतज्ञताका साथै यो अवसरको लागि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

लोकतन्त्र प्राप्ती, सामाजिक परिवर्तन, कानूनी शासन र समृद्धिको पक्षमा हालसम्म भएका आन्दोलनमा जीवन आहुती दिने सम्पूर्ण सहिदहरुको उच्च सम्मानका साथ स्मरण गर्दै उहाँहरुले देखाउनु भएको बाटोमा अविचलित क्रियाशील रहने प्रतिबद्धता व्यक्त गर्दछु ।

नेपालको संविधानले अंगिकार गरेका मुलभूत मान्यताहरुको संरक्षण, सम्बर्द्धन र विकास गर्दै संविधानवाद र कानूनको शासनप्रति प्रतिबद्ध रहेर नै हामीले अंगिकार गरेको संसदीय व्यवस्थालाई सुदृढ र सक्षम बनाउने कर्तव्य प्रति हामी सबै प्रतिबद्ध रहेको तथ्यमा विवाद हुन सक्दैन । नेपालको संविधानले अंगिकार गरेको जनतामा निहित सार्वभौम सत्ताको प्रयोग नेपाली जनताले आवधिक निर्वाचनको माध्यमबाट गरी यो प्रतिनिधि सभा गठन भएको छ । जनताप्रतिको उत्तरदायित्व र जवाफदेहितालाई सदैव आफ्नो पथ प्रदर्शकको रुपमा आत्मसात् गर्नु मेरो प्राथमिक दायित्व हो ।

बहुदलिय व्यवस्थामा राजनीतिक दलहरु नै संवैधानिक र संसदीय अभ्यासका असली सञ्चालक भएको हुनाले दलहरुको आपसी सद्भाव, सहमति र समन्वयमा नै संसदको गतिशीलता र क्रियाशीलता निर्भर रहन्छ । त्यसैले संसदमा उपस्थित सबै राजनीतिक दल र माननीय सदस्यहरुबाट असल संवैधानिक र संसदीय अभ्यासको अपेक्षा गर्दछु । सभामुखको पद तटस्थ, निश्पक्ष र समन्वयकारी हुने भएकोले यो पदको गरिमा र शाखको अभिवृद्धि गर्नु मेरो संवैधानिक दायित्व हो भन्ने कुरामा म सदैव सचेत र क्रियाशील रहने छु । संसदमा राजनीतिक दलहरुको बीचमा दार्शनिक, नीतिगत र कार्यक्रमिक प्रतिस्पर्धा हुनु यसको आधारभूत चरित्र नै हो । त्यसैले संसद प्रतिस्पर्धाको थलो पनि हो । संसदमा हुने नीतिगत बहस विमर्श र स्वस्थ प्रतिस्पर्धा नै संसदीय व्यवस्थाको जिवन्तता हो । त्यस्तो स्वस्थ र नीतिगत बहसलाई प्रतिनिधि सभामा उचित व्यवस्थापनका साथ प्रोत्साहित गरिनेछ भन्ने सम्वन्धमा माननीय सदस्यहरुलाई म विश्वास दिलाउन चाहन्छु ।

संसदीय व्यवस्थामा सत्तापक्ष आफ्नो नीति कार्यक्रम र योजनाका माध्यमबाट जनता समक्ष पुगेको हुन्छ भने प्रतिपक्षी दलहरु सत्तापक्षको नीतिगत र कार्यक्रमिक योजनाको गुण र दोषको बारेमा सत्तापक्षलाई सचेत र खबरदारी गर्ने गर्दछन् । प्रतिपक्षको आवाजको उचित सम्बोधन गर्नका लागि उसले संसदमा तदनुकूलको अवसर प्राप्त गर्नु पर्ने भएकोले बेलायती संसदीय अभ्यासको क्रममा विकसित

भएको 'सरकार सत्तापक्षको, संसद प्रतिपक्ष'को भन्ने मान्यतालाई संसदमा मुखरित हुन दिनु पर्दछ भन्ने कुरामा म सचेत छु ।

प्रतिनिधि सभा सञ्चालनका लागि संविधान र प्रचलित कानून एवम् प्रतिनिधि सभा नियमावलीले गरेका मार्ग दर्शन नै सभा सञ्चालनका प्रमुख आधार रहनेछन् । यसका अतिरिक्त सभा सञ्चालनका लागि हामी आफैंले विकसित गरेका असल अभ्यास र लोकतान्त्रिक मुलुकका संसदमा विकसित भएका असल अभ्यासहरु समेत हाम्रा लागि प्रेरणादायी हुन सक्छन् । त्यस भन्दा पनि संविधान र कानूनका अधिनमा रही राजनीतिक दलहरुको आपसी सहमति र सहकार्य नै सभा सञ्चालनका मजबुत आधारहरु हुन् । नेपाली जनताले आफ्नो सार्वभौमिक अधिकारको प्रयोग गर्ने उच्चतम थलो यही प्रतिनिधि सभा भएकोले जनताको त्यो अधिकारको प्रयोग गर्ने राजनीतिक दलहरुले सभा सञ्चालनका लागि निरन्तर सहयोग गर्नेछन् भन्ने पूर्ण अपेक्षाका साथ माननीय सदस्यहरु मार्फत सम्पूर्ण राजनीतिक दलहरुलाई आवश्यक सहयोगका लागि सादर अनुरोध पनि गर्न चाहन्छु ।

यो प्रतिनिधि सभा राष्ट्रियता, जनजिविका, राष्ट्रिय हित र समृद्धिका पक्षमा निरन्तर क्रियाशील रहँदै कानून बनाउने आफ्नो मुलभूत कार्य प्रति सदैव क्रियाशील रहनेछ भन्ने विश्वास व्यक्त गर्दछु । राजनीतिक दलहरुका बीचमा यदाकदा संसदमा हुने बहस र विमर्शको क्रममा उत्पन्न हुन सक्ने स्वभाविक प्रतिस्पर्धा र मनमुटावलाई आपसी संवाद र समन्वयको माध्मवाट समाधान गर्न म सदैव क्रियाशील रहनेछु । प्रतिनिधि सभामा उपस्थित सबै राजनीतिक दल र माननीय सदस्यहरुलाई त्यस प्रयोजनका लागि सभामुखको कार्यकक्ष सदैव खुल्ला रहनेछ ।

लामो समयको आन्दोलन र बलिदानको प्रतिफल स्वरुप प्राप्त भएको संघीय लोकतान्त्रिक गणतन्त्र यो संविधानलाई क्रियाशील, सबल र जिवन्त बनाउँदै नेपाली जनताको विकास र समृद्धिको व्यग्रतापूर्वकको चाहनालाई सफलिभूत बनाउने कार्यमा यो प्रतिनिधि सभा निरन्तर क्रियाशील रहनेछ भन्ने दृढ विश्वास समेत व्यक्त गर्न चाहन्छु । सभा सञ्चालनका लागि सभामा उपस्थित सबै माननीय सदस्यहरुको रचनात्मक र क्रियात्मक सहयोग, सहभागिता र संलग्नताको लागि अनुरोध गर्न चाहन्छु ।

करिब पाँच दशकको राजनीतिक जीवनको क्रममा मैले जे जस्तो अनुभव र शिक्षा प्राप्त गरेको छु, त्यसैको आधारमा मलाई यो प्रतिनिधि सभाले सभामुखको पदमा निर्वाचित गरेको हो भन्ने मेरो विश्वास छ । सभामुखमा निर्वाचित भइसकेपछि मैले आफ्नो विगतको राजनीतिक सक्रियता र संलग्नतालाई छोडेर सभामुखको पदीय मर्यादा र भूमिकालाई सदा सदा गरिमायुक्त बनाउनु मेरो कर्तव्य हुनेछ । त्यही प्रयोजनका लागि सभामुखको निर्वाचनसँगै म आबद्ध रहेको राजनीति दल नेकपा (एमाले)सँगको सबै प्रकारको आवद्धता यो पदमा क्रियाशील रहँदासम्म परित्याग गरि सकेको जानकारी गराउँछु ।

अन्त्यमा, प्रतिनिधि सभाको सभामुखको हैसियतले संसदीय अभ्यासका क्रममा विकसित गरेका असल अभ्यासहरुको अनुसरण गर्ने प्रतिबद्धता व्यक्त गर्दछु । यो प्रतिनिधि सभाको हाल सम्म अध्यक्षता गर्नु हुने ज्येष्ठ सदस्य माननीय श्री पशुपति शम्शेर जबरालाई धन्यवाद ज्ञापन गर्न चाहन्छु ।"

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभाको उपसभामुख पदको निर्वाचन कार्यक्रम अनुसार उपसभामुख पदमा मा० सदस्य श्री इन्दिरा राना र मा० सदस्य श्री मुक्ता कुमारी यादवलाई निर्वाचित गरियोस् भन्ने दुईवटा प्रस्तावहरुको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त पहिलो प्रस्तावका प्रस्तावक मा० श्री सोविता गौतमले "यस सभाका माननीय सदस्य श्री इन्दिरा रानालाई प्रतिनिधि सभाको उपसभामुख पदमा निर्वाचित गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात उक्त प्रस्तावका समर्थक मा० श्री कृष्णगोपाल श्रेष्ठ, मा० श्री नारायणी शर्मा र मा० उपप्रधानमन्त्री एवं ऊर्जा, जलस्रोत तथा सिचाई मन्त्री श्री राजेन्द्रप्रसाद लिङ्देनले प्रस्तावको समर्थन गर्नुभयो ।

त्यसपछि दोस्रो प्रस्तावका प्रस्तावक मा० श्री बद्रीप्रसाद पाण्डेले "यस सभाका माननीय सदस्य श्री मुक्ता कुमारी यादवलाई उपसभामुख पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त उक्त प्रस्तावका समर्थक मा० श्री मेटमणि चौधरी र मा० श्री सर्वेन्द्रनाथ शुक्लाले प्रस्तावको समर्थन गर्नुभयो ।

तत्पश्चात प्रतिनिधि सभाको उपसभामुख पदमा निर्वाचित गरियोस् भन्ने दुईवटै प्रस्तावहरुमाथि दलीय प्रतिनिधित्वको आधारमा भएको संक्षिप्त छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री अर्जुन नरसिंह के.सी.
२. मा० श्री लिलानाथ श्रेष्ठ
३. मा० श्री रुपा सो.शी. (चौधरी)
४. मा० श्री सुमना श्रेष्ठ

५. मा० श्री ज्ञान बहादुर शाही
६. मा० श्री राजकिशोर यादव
७. मा० श्री अम्मर बहादुर थापा
८. मा० श्री गोमा लाभ (सापकोटा)
९. मा० श्री रामप्रकाश चौधरी
१०. मा० श्री गंगाराम चौधरी
११. मा० श्री प्रेम सुवाल
१२. मा० श्री चित्रबहादुर के.सी.
१३. मा० डा० अमरेश कुमार सिंह
१४. मा० श्री प्रभु साह
१५. मा० श्री योगेन्द्र मण्डल

त्यसपछि सम्माननीय सभामुखले मा० श्री सोविता गौतम र मा० श्री बद्रीप्रसाद पाण्डेलाई आ-आफ्नो प्रस्ताव फिर्ता लिन समय दिनुहुँदा उहाँहरुले आफ्नो प्रस्ताव फिर्ता नलिने जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभाको उपसभामुख पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावहरु मध्ये कायम रहेका प्रस्तावहरुलाई प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ८ बमोजिम क्रमशः निर्णयार्थ प्रस्तुत गरिने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो । साथै उहाँले पहिलो प्रस्ताव अर्थात् "यस सभाका माननीय सदस्य श्री इन्दिरा रानालाई प्रतिनिधि सभाको उपसभामुख पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्ताव प्रतिनिधि सभा नियमावली, २०७५ बमोजिम प्रतिनिधि सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट पारित हुनुपर्ने भएकाले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा प्रतिनिधि सभा नियमावली, २०७५ का नियम ८ बमोजिम दस्तखत सहितको मत विभाजनद्वारा मत संकलन गरिने जानकारी गराउँदै मत विभाजनको प्रक्रियाको सम्बन्धमा जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "यस सभाका माननीय सदस्य श्री इन्दिरा रानालाई प्रतिनिधि सभाको उपसभामुख पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावलाई मत विभाजन गरी मत संकलन गर्दा प्रतिनिधि सभामा तत्काल उपस्थित भै मतदान गर्ने मा० सदस्यहरुको संख्या जम्मा २६४ (दुईसय चौसठ्ठी) रहेकोमा "यस सभाका माननीय सदस्य श्री इन्दिरा रानालाई प्रतिनिधि सभाको उपसभामुख पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा जम्मा १६६ (एकसय छैसठ्ठी) मत र विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा जम्मा ९७ (सन्तान्नब्बे) मत र प्रस्तावको "मत दिन्न" भन्ने पक्षमा १ (एक) मत परेकोले "यस सभाका माननीय सदस्य श्री इन्दिरा रानालाई प्रतिनिधि सभाको उपसभामुख पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्ताव प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट पारित भएको घोषणा गर्नुभयो ।

"यस सभाका माननीय सदस्य श्री इन्दिरा रानालाई प्रतिनिधि सभाको उपसभामुख पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा मतदान गर्नुहुने मा० सदस्यहरु :-

१. मा० श्री अच्युत प्रसाद मैनाली
२. मा० श्री अनिता देवी
३. मा० श्री अनिशा नेपाली
४. मा० श्री अब्दुल खांन
५. मा० श्री अमन लाल मोदी
६. मा० श्री अम्मर बहादुर रायमाझी
७. मा० डा० अमरेश कुमार सिह
८. मा० श्री अमृत लाल राजवंशी
९. मा० श्री अमृता देवी अग्रहरी
१०. मा० श्री अरुन कुमार चौधरी
११. मा० श्री अशोक कुमार चौधरी
१२. मा० श्री अशोक कुमार राई
१३. मा० श्री अस्मा कुमारी चौधरी
१४. मा० श्री असिम शाह
१५. मा० श्री इन्दिरा राना
१६. मा० श्री ईश्वर वहादुर रिजाल
१७. मा० श्री ईश्वरी घर्ती
१८. मा० श्री उमरावती देवी
१९. मा० श्री उर्मिला थेवे
२०. मा० श्री उर्मिला माझी
२१. मा० श्री ऋषिकेश पोखरेल
२२. मा० श्री एक नाथ ढकाल
२३. मा० श्री कल्पना मियाँ कुसारी
२४. मा० श्री कालुराम राई
२५. मा० श्री किरण कुमार साह
२६. मा० श्री कृष्ण गोपाल श्रेष्ठ
२७. मा० श्री के.पी. शर्मा ओली
२८. मा० श्री गणेश पराजुली
२९. मा० श्री गिता बस्नेत
३०. मा० श्री गोकर्ण राज विष्ट
३१. मा० श्री गोकुल प्रसाद वाँस्कोटा
३२. मा० श्री गोमा लाभ (सापकोटा)
३३. मा० श्री गंगा कार्की
३४. मा० श्री गंगा प्रसाद यादव
३५. मा० श्री गंगा राम चौधरी
३६. मा० श्री चन्दा कार्की भण्डारी
३७. मा० डा० चन्द्र कान्त राउत
३८. मा० श्री चन्द्र बहादुर विश्वकर्मा
३९. मा० श्री छविलाल विश्वकर्मा
४०. मा० श्री छिरिङ डम्डुल लामा (भोटे)
४१. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)
४२. मा० श्री जनार्दन शर्मा
४३. मा० श्री ज्वाला कुमारी साह
४४. मा० श्री जुली कुमारी महतो (महासेठ)
४५. मा० श्री टोप बहादुर रायमाझी
४६. मा० श्री ठाकुर प्रसाद गैरे

४७. मा० श्री डोल प्रसाद अर्याल
४८. मा० श्री ढाका कुमार श्रेष्ठ
४९. मा० श्री तारा लामा तामाङ
५०. मा० डा० तोसीमा कार्की
५१. मा० श्री दयाल बहादुर शाही
५२. मा० श्री दामोदर पौडेल वैरागी
५३. मा० श्री दामोदर भण्डारी
५४. मा० श्री दिपक बहादुर सिंह
५५. मा० श्री दिपा शर्मा
५६. मा० श्री दीपक कार्की
५७. मा० श्री दीपक बोहरा
५८. मा० श्री दुर्गा राई
५९. मा० श्री देवि प्रकाश भट्टचन
६०. मा० श्री देवेन्द्र पौडेल
६१. मा० श्री धुव्र बहादुर प्रधान
६२. मा० श्री नवल किसोर साह सुडी
६३. मा० श्री नारायण प्रसाद आचार्य
६४. मा० श्री नारायणी शर्मा
६५. मा० श्री निर्मला कोइराला
६६. मा० श्री निशा डागी
६७. मा० श्री नैनकला थापा
६८. मा० श्री पदम गिरी
६९. मा० श्री पशुपति शम्शेर ज.ब.रा.
७०. मा० श्री पुष्प कमल दाहाल (प्रचण्ड)
७१. मा० श्री पूर्ण बहादुर घर्ति मगर
७२. मा० श्री पृथ्वी सुव्वा गुरुङ
७३. मा० श्री प्रकाश अधिकारी
७४. मा० श्री प्रतिक्षा तिवारी
७५. मा० श्री प्रदिप यादव
७६. मा० श्री प्रभु साह
७७. मा० श्री प्रभु हजरा दुसाध
७८. मा० श्री प्रेम बहादुर महर्जन
७९. मा० श्री बलराम अधिकारी
८०. मा० श्री बसन्त कुमार नेम्वाङ्ग
८१. मा० श्री बासु देव घिमिरे
८२. मा० श्री बिना देवी
८३. मा० श्री बिनिता कठायत
८४. मा० श्री बिमला सुवेदी
८५. मा० श्री बुद्धिमान तामाङ्ग
८६. मा० श्री भगवती चौधरी
८७. मा० श्री भीम प्रसाद आचार्य
८८. मा० श्री मन बहादुर गुरुङ्ग
८९. मा० श्री मनिष झा
९०. मा० श्री महिन्द्र राय यादव
९१. मा० श्री महेन्द्र बहादुर शाही
९२. मा० श्री महेश कुमार वर्तौला
९३. मा० श्री महेश बस्नेत
९४. मा० श्री माधव सापकोटा
९५. मा० श्री मानबीर राई
९६. मा० श्री मिना तामाङ
९७. मा० श्री मिना यादव
९८. मा० श्री मेनका कुमारी पोखरेल
९९. मा० श्री मंगल प्रसाद गुप्ता
१००. मा० श्री योगेन्द्र मण्डल
१०१. मा० श्री योगेश कुमार भट्टराई
१०२. मा० श्री रघुबीर महासेठ
१०३. मा० श्री रघूजी पन्त
१०४. मा० श्री रण कुमारी वलम्पाकी मगर
१०५. मा० श्री रणेन्द्र बराली
१०६. मा० श्री रन्जिता श्रेष्ठ
१०७. मा० श्री रन्जु कुमारी झा
१०८. मा० श्री रवि लामिछाने
१०९. मा० श्री राज किशोर यादव
११०. मा० श्री राज कुमार गुप्ता
१११. मा० श्री राजेन्द्र कुमार राई
११२. मा० श्री राजेन्द्र प्रसाद लिङ्देन
११३. मा० श्री राम कुमार राई
११४. मा० श्री राम शंकर यादव
११५. मा० श्री रामसहाय प्रसाद यादव
११६. मा० श्री रुक्मणी राना बराइली
११७. मा० श्री रुपा सो. शी (चौधरी)
११८. मा० श्री रेखा यादव
११९. मा० श्री रेखा शर्मा
१२०. मा० श्री रोसन कार्की
१२१. मा० श्री लक्ष्मी तिवारी
१२२. मा० श्री लाल प्रसाद सौंवा लिम्बू
१२३. मा० श्री लालविर चौधरी
१२४. मा० श्री लिलानाथ श्रेष्ठ
१२५. मा० श्री लेख नाथ दाहाल
१२६. मा० श्री विक्रम पाण्डे
१२७. मा० श्री विजुला रायमाझी
१२८. मा० श्री विद्या भट्टराई
१२९. मा० श्री विना लामा
१३०. मा० श्री विनिता कुमारी सिंह
१३१. मा० श्री विराज भक्त श्रेष्ठ
१३२. मा० श्री विरेन्द्र प्रसाद महतो
१३३. मा० श्री विष्णु प्रसाद पौडेल
१३४. मा० श्री वीना जैसवाल
१३५. मा० श्री शक्ति बहादुर वस्नेत
१३६. मा० श्री शहनाज रहमान
१३७. मा० श्री शान्ती श्रेष्ठ
१३८. मा० श्री शिव नेपाली
१३९. मा० श्री शिशिर खनाल
१४०. मा० श्री शोभा ज्ञवाली
१४१. मा० श्री सन्तोष परियार
१४२. मा० श्री सम्झना थपलिया

१४३. मा० श्री सरस्वती सुब्बा
१४४. मा० श्री सराज अहमद फारुकी
१४५. मा० श्री सरिता भुसाल
१४६. मा० श्री सान्ती चौधरी
१४७. मा० श्री सुदन किराती
१४८. मा० श्री सुनिता बराल
१४९. मा० श्री सुमना श्रेष्ठ
१५०. मा० श्री सुवास चन्द्र नेम्वाङ्ग
१५१. मा० श्री सुशिला सिर्पाली ठकुरी
१५२. मा० श्री सुशीला श्रेष्ठ
१५३. मा० श्री सूर्य कुमारी श्रेष्ठ
१५४. मा० श्री सूर्य प्रसाद ढकाल
१५५. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
१५६. मा० श्री सूर्य मान तामाङ (दोङ)
१५७. मा० श्री सोनु मुर्मु
१५८. मा० श्री सोविता गौतम
१५९. मा० श्री हर्कमाया विश्वकर्मा
१६०. मा० श्री हरि ढकाल
१६१. मा० श्री हरि प्रसाद उप्रेती
१६२. मा० श्री हित बहादुर तामाङ
१६३. मा० श्री हितराज पाण्डे
१६४. मा० श्री हेमराज राई
१६५. मा० श्री ज्ञान बहादुर शाही
१६६. मा० श्री ज्ञानु बस्नेत सुवेदी

"यस सभाका माननीय सदस्य श्री इन्दिरा रानालाई प्रतिनिधि सभाको उपसभामुख पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावको विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा मतदान गर्नुहुने मा० सदस्यहरु :-

१. मा० श्री अजय कुमार चौरसिया
२. मा० श्री अन्जनी श्रेष्ठ
३. मा० श्री अम्विका बस्नेत
४. मा० श्री अम्मर बहादुर थापा
५. मा० श्री अर्जुन नरसिंह के.सी.
६. मा० डा० आरजु राणा
७. मा० श्री आशा वि.क.
८. मा० श्री ईश्वरी देवी न्यौपाने
९. मा० श्री उदय शंशेर ज.ब.रा.
१०. मा० श्री ऐन बहादुर शाही ठकुरी
११. मा० श्री कल्पना चौधरी
१२. मा० श्री कान्तिका सेजुवाल
१३. मा० श्री किशोर सिह राठोर
१४. मा० श्री कुसुमदेवी थापा
१५. मा० श्री खम बहादुर गर्बुजा
१६. मा० श्री गगन कुमार थापा
१७. मा० श्री चन्दा चौधरी
१८. मा० डा० चन्द्रकान्त भण्डारी
१९. मा० श्री चित्र बहादुर के.सी.
२०. मा० श्री जावेदा खातुन जागा
२१. मा० श्री जीवन परियार
२२. मा० श्री डिग बहादुर लिम्बु
२३. मा० श्री डिल्ली राज पन्त
२४. मा० श्री तेजु लाल चौधरी
२५. मा० श्री दिक्पाल कुमार शाहि
२६. मा० श्री दिनेश कुमार यादव
२७. मा० श्री दिपक खड्का
२८. मा० श्री दिपक गिरी
२९. मा० श्री दिलेन्द्र प्रसाद बडू
३०. मा० श्री दुर्लभ थापा क्षेत्री
३१. मा० श्री देव प्रसाद तिमलसेना
३२. मा० श्री धनराज गुरुङ्ग
३३. मा० श्री नागिना यादव
३४. मा० डा० नारायण खड्का
३५. मा० श्री नारायण प्रकाश साउद
३६. मा० श्री पुष्प बहादुर शाह
३७. मा० श्री पूर्ण बहादुर खड्का
३८. मा० श्री पूर्ण वहादुर तमाङ्ग
३९. मा० श्री प्रकाश ज्वाला
४०. मा० श्री प्रकाश मान सिंह
४१. मा० डा० प्रकाश शरण महत
४२. मा० श्री प्रतिमा गौतम
४३. मा० श्री प्रदिप पौडेल
४४. मा० श्री प्रेम बहादुर आले
४५. मा० श्री बद्री प्रसाद पाण्डे
४६. मा० श्री भानुभक्त जोशी
४७. मा० श्री मन्जु खांण
४८. मा० श्री महन्थ ठाकुर
४९. मा० श्री महेन्द्र कुमार राय
५०. मा० श्री माधव कुमार नेपाल
५१. मा० श्री माया राई
५२. मा० श्री मुक्ता कुमारी यादव
५३. मा० श्री मेटमणि चौधरी
५४. मा० श्री मैना कार्की
५५. मा० श्री मोहन आचार्य
५६. मा० श्री मोहन बहादुर बस्नेत
५७. मा० श्री योगेश गौचन थकाली
५८. मा० श्री रमा कोईराला पौड्याल
५९. मा० श्री रमेश रिजाल
६०. मा० श्री रमेश लेखक
६१. मा० श्री राजु थापा
६२. मा० श्री राजेन्द्र कुमार के.सी.
६३. मा० श्री राजेन्द्र बजगाई
६४. मा० श्री राम कृष्ण यादव
६५. मा० श्री रामचन्द्र पौडेल
६६. मा० श्री रामनाथ अधिकारी
६७. मा० श्री राम प्रकाश चौधरी
६८. मा० श्री राम हरि खतिवडा

६९. मा० श्री रुपा वि.क.
७०. मा० श्री लिला देवी वोखिम (लिम्बू)
७१. मा० श्री विनोद कुमार चौधरी
७२. मा० श्री विमलेन्द्र निधी
७३. मा० श्री विर बहादुर बलायर
७४. मा० श्री विश्व प्रकाश शर्मा
७५. मा० श्री विष्णु कुमार कार्की
७६. मा० श्री शरत सिंह भण्डारी
७७. मा० श्री श्याम कुमार घिमिरे
७८. मा० डा० शशांक कोइराला
७९. मा० श्री शान्ती वि.क.
८०. मा० डा० शुनिल कुमार शर्मा
८१. मा० डा० शेखर कोइराला
८२. मा० श्री शेर बहादुर कुँवर
८३. मा० श्री शेर बहादुर देउवा
८४. मा० श्री शंकर भण्डारी
८५. मा० श्री सन्तोष चालिसे
८६. मा० श्री सर्वेन्द्र नाथ शुक्ला
८७. मा० श्री सरस्वती वजिमय
८८. मा० श्री सरिता प्रसाई
८९. मा० श्री सिता कुमारी राना
९०. मा० श्री सिता गुरुङ्ग
९१. मा० श्री सिता मिजार
९२. मा० श्री सुरेन्द्र राज आचार्य
९३. मा० श्री सुशिला थिङ
९४. मा० श्री संगीता मण्डल धानुक
९५. मा० श्री संजय कुमार गौतम
९६. मा० श्री हृदयराम थानी
९७. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की

"यस सभाका माननीय सदस्य श्री इन्दिरा रानालाई प्रतिनिधि सभाको उपसभामुख पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावको "मत दिन्न" भन्ने पक्षमा मतदान गर्नुहुने मा० सदस्यहरु :-

१. मा० श्री प्रेम सुवाल

तत्पश्चात सम्माननीय सभामुखले "यस सभाका माननीय सदस्य श्री इन्दिरा रानालाई प्रतिनिधि सभाको उपसभामुख पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्ताव प्रतिनिधि सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतले पारित भई माननीय सदस्य श्री इन्दिरा राना प्रतिनिधि सभाको उपसभामुख पदमा निर्वाचित हुनुभएकोले दोस्रो प्रस्ताव अर्थात् मा० श्री बद्रीप्रसाद पाण्डे प्रस्तावक र मा० श्री मेटमणि चौधरी र मा० श्री सर्वेन्द्रनाथ शुक्ला समर्थक हुनुभई "यस सभाका माननीय सदस्य श्री मुक्ता कुमारी यादवलाई प्रतिनिधि सभाको उपसभामुख पदमा निर्वाचित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ८ बमोजिम निर्णयार्थ प्रस्तुत गर्नु नपर्ने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले संघीय संसद, प्रतिनिधि सभाको उपसभामुख जस्तो गरिमामय पदमा निर्वाचित हुनु भएकोमा माननीय श्री इन्दिरा रानालाई आफ्नो व्यक्तिगत एवं प्रतिनिधि सभाको तर्फबाट कार्यकालको सफलताको लागि शुभकामना व्यक्त गर्दै हार्दिक बधाई दिनुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल माघ १० गते मंगलबार दिनको १:०० बजे बस्नेगरी आजको बैठक दिनको ५:२५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
बैठक संख्या - ५
सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल माघ १० गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १० बमोजिम सभामुख तथा उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्न निम्नलिखित मा० सदस्यहरुको नाम हेरफेर गरी मनोनयन गरेको व्यहोरा जानकारी गराउनु भयो ।

१. मा० श्री देवराज घिमिरेको स्थानमा मा० श्री कृष्णगोपाल श्रेष्ठ

२. मा० श्री सुशिला सिर्पाली ठकुरीको स्थानमा मा० श्री विमला सुवेदी

त्यसपछि मा० श्री देवेन्द्र पौडेलले नेपालको संविधानको धारा १०४ को उपधारा (१) बमोजिम प्रतिनिधि सभाले आफ्नो कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र समितिहरुको गठन, काम कारबाही र प्रतिनिधि सभा वा समितिको कार्यविधि नियमित गर्न र प्रतिनिधि सभाको अन्य कार्यमा सहजता ल्याउने लगायतका कार्यका लागि प्रतिनिधि सभाको नियमावली मस्यौदा निर्माण गर्न "प्रतिनिधि सभा नियमावली मस्यौदा समिति गठन गरियोस्" भनी समितिमा रहनुहुने निम्नलिखित मा० सदस्यहरुको नामावली सहितको प्रस्ताव प्रस्तुत गर्नुभयो ।

१) मा० श्री अनिता देवी
२) मा० डा० अमरेश कुमार सिंह
३) मा० श्री गंगाराम चौधरी
४) मा० श्री चित्रबहादुर के.सी.
५) मा० श्री जीवन परियार
६) मा० श्री दिलेन्द्रप्रसाद बडू
७) मा० श्री नागिना यादव
८) मा० श्री प्रकाश ज्वाला
९) मा० श्री प्रदिप यादव
१०) मा० श्री प्रेम सुवाल
११) मा० श्री महेश कुमार वर्तौला
१२) मा० श्री रमेश लेखक
१३) मा० श्री लिलानाथ श्रेष्ठ
१४) मा० श्री विद्या भट्टराई
१५) मा० श्री शक्ति बहादुर बस्नेत
१६) मा० श्री सवेन्द्रनाथ शुक्ला
१७) मा० श्री सिता गुरुङ्ग
१८) मा० श्री सुवास चन्द्र नेम्वाङ्ग
१९) मा० श्री सोविता गौतम
२०) मा० श्री हितराज पाण्डे
२१) मा० श्री ज्ञान बहादुर शाही

तदुपरान्त मा० श्री रामकृष्ण यादव र मा० श्री ऋषिकेश पोखरेलले उक्त प्रस्तावको समर्थन गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "प्रतिनिधि सभा नियमावली मस्यौदा समिति गठन गरियोस्" भन्ने मा० सदस्यहरुको नामावली सहितको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

त्यसपछि नवनिर्वाचित प्रतिनिधि सभाका सभामुख र उपसाभामुखलाई दलीय आधारमा निम्नलिखित मा० सदस्यहरुले बधाई तथा शुभकामना दिनुभयो ।

१. मा० श्री रामचन्द्र पौडेल
२. मा० श्री रघुविर महासेठ
३. मा० श्री देवेन्द्र पौडेल
४. मा० उपप्रधानमन्त्री एवं गृहमन्त्री श्री रवि लामिछाने
५. मा० श्री ज्ञान बहादुर शाही
६. मा० श्री अशोक कुमार राई
७. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
८. मा० डा० चन्द्रकान्त राउत
९. मा० श्री रामप्रकाश चौधरी
१०. मा० श्री गंगाराम चौधरी
११. मा० श्री प्रेम सुवाल

१२. मा० श्री चित्रबहादुर के.सी.
१३. मा० डा० अमरेश कुमार सिंह
१४. मा० श्री प्रभु साह
१५. मा० श्री योगेन्द्र मण्डल

यसैबीच मा० श्री प्रभु साहले बधाई तथा शुभकामना दिनको लागि रोष्ट्रममा उभिएपछि मा० श्री बद्रीप्रसाद पाण्डेले हात उठाएर समय माग गर्नुहुँदै प्रतिनिधि सभाको बैठक भैरहेको समयमा बाजुरा जिल्ला केन्द्रविन्दु भएर भुकम्प गएको जानकारी गराउँदै उक्त भुकम्पबाट के कति क्षति भएको छ सो को विषयमा सरकारको तर्फबाट जानकारी सदनलाई गराउन सम्माननीय सभामुखबाट रुलिङ्ग होस् भन्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले सभामुख तथा उपसभामुखलाई बधाई तथा शुभकामना दिनुहुने मा० सदस्यहरु तथा दलहरुप्रति आभार एवं धन्यवाद व्यक्त गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल माघ १८ गते बुधबार दिनको १:०० बजे बस्नेगरी आजको बैठक दिनको ३:४५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन

बैठक संख्या - ६

सूचनापत्र - २

(संशोधित)

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल माघ १८ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री अच्युत प्रसाद मैनाली
२. मा० श्री अञ्जनी श्रेष्ठ
३. मा० श्री अम्बिका बस्नेत
४. मा० श्री अम्मर बहादुर रायमाझी
५. मा० डा० अमरेश कुमार सिंह
६. मा० श्री अमृत लाल राजवंशी
७. मा० श्री अमृता देवी अग्रहरी
८. मा० श्री अर्जुन नरसिंह के.सी.
९. मा० श्री अशोक कुमार चौधी
१०. मा० श्री ईश्वर बहादुर रिजाल
११. मा० श्री ईश्वरी घर्ती
१२. मा० श्री ईश्वरी देवी न्यौपाने
१३. मा० श्री उर्मिला माझी
१४. मा० श्री एकनाथ ढकाल
१५. मा० श्री ऐन बहादुर शाही ठकुरी
१६. मा० श्री कल्पना मियाँ कुसारी
१७. मा० श्री कान्तिका सेजुवाल
१८. मा० श्री किरण कुमार साह
१९. मा० श्री गगन कुमार थापा
२०. मा० श्री गोमा लाभ (सापकोटा)
२१. मा० डा० चन्द्रकान्त भण्डारी
२२. मा० श्री चन्द्र बहादुर विश्वकर्मा
२३. मा० श्री छिरिङ डम्डुल लामा (भोटे)
२४. मा० श्री जीवन परियार
२५. मा० श्री अनिशा नेपाली
२६. मा० श्री अम्मर बहादुर थापा

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री बिरबहादुर वलायर
२. मा० श्री रघुजी पन्त
३. मा० श्री शक्तिबहादुर बस्नेत
४. मा० श्री मनिष झा
५. मा० श्री धवल शम्मशेर ज.ब.रा.
६. मा० श्री राजकिशोर यादव
७. मा० श्री प्रकाश ज्वाला
८. मा० श्री अनिता देवी
९. मा० श्री रञ्जीता श्रेष्ठ
१०. मा० श्री प्रेम सुवाल
११. मा० श्री प्रभु साह
१२. मा० श्री मोहन बहादुर बस्नेत
१३. मा० श्री बसन्त कुमार नेम्वाङ्ग
१४. मा० श्री चन्दा कार्की (भण्डारी)
१५. मा० श्री शेरबहादुर कुँवर
१६. मा० श्री बद्री प्रसाद पाण्डे
१७. मा० श्री दयाल बहादुर शाही
१८. मा० श्री तेजुलाल चौधरी

यसैबीच मा० श्री शक्ति बहादुर बस्नेतले बोलीसकेपछि मा० श्री ज्ञान बहादुर शाहीले नियमापत्ति भन्नुहुँदै गणतन्त्र र धर्म निरपेक्षताको सम्बन्धमा संशोधन गर्न नेपालको संविधानको धारा २७४ ले बन्देज नलगाएकोले प्रतिनिधि सभाले उक्त विषयहरुमा समेत संशोधन गर्नसक्छ भन्नुहुँदै त्यस सम्बन्धमा बैठकमा बोलिएका कुराहरु तत्काल फिर्ता हुनुपर्ने भन्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो :-

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले सम्वत् २०७९/९/११ गते गठित मौजुदा मन्त्रिपरिषद्का माननीय उपप्रधानमन्त्री एवम् गृह मन्त्री श्री रबि लामिछानेले नेपालको संविधानको धारा ७७ को उपधारा (२) को खण्ड (क) बमोजिम मन्त्री पदबाट राजीनामा दिनुभएकोले प्रधानमन्त्रीको सिफारिशमा गृह मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ज्यूले सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध छ ।

(यादवप्रसाद कोइराला)
सचिव

मिति : २०७९/१०/१४

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले "राष्ट्रिय मानव अधिकार आयोगको २२ औं वार्षिक प्रतिवेदन (आ.व. २०७८/०७९)" पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले सर्वोच्च अदालतको च.नं. २७४०६ मुद्दा नं. ०७९-WC-००३५ मिति २०७९/१०/१५ गतेको पत्र मार्फत् संसद सदस्यको अयोग्यता सम्बन्धी विषयको युवराज पौडेल निवेदक भई दायर भएको रिट निवेदनमा संवैधानिक इजलासबाट प्रतिनिधि सभा सदस्य रबि लामिछानेले प्राप्त गरेको अमेरिकी नागरिकता परित्याग गरेपछि विधिवत रुपमा नेपाली नागरिकता पुनः कायम गर्ने प्रक्रिया पुरा गरेको नदेखिएको हुँदा निजले प्रतिनिधि सभा सदस्य पदको उम्मेदवार हुन वा सो पदमा निर्वाचित भई कायम रहन मिल्ने नदेखिएको र निजले चितवन जिल्ला, निर्वाचन क्षेत्र नं. २ बाट प्रतिनिधि सभा सदस्य पदमा उम्मेदवार हुन पाउने अवस्था नरहेकोमा उम्मेदवार भई निर्वाचित समेत भएको देखिंदा निज रबि लामिछानेलाई उम्मेदवार कायम गर्ने, निर्वाचित घोषणा गर्ने, प्रमाणपत्र दिने लगायतका काम कारवाही नेपालको संविधानको धारा १३३ को उपधारा (२), (३) तथा धारा १३७ बमोजिम उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ भनी निर्णय गरेकोले नेपालको संविधानको धारा ८९ को खण्ड (ख) बमोजिम रबि लामिछानेको प्रतिनिधि सभा सदस्य पद एक रिक्त भएको व्यहोरा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१२ को उपनियम (१) बमोजिम मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल माघ २२ गते आइतबार दिनको १:०० बजे बस्नेगरी आजको बैठक दिनको ४:०० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
बैठक संख्या - ७

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल माघ २२ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै मा० श्री इश्वर बहादुर रिजालले हात उठाएर समय माग गर्नुहुँदै मंसिर १८ गते दोलखाको कालिञ्चोक गाउँपालिका वडा नं. ९ को सुन्दरावती कटुवाचौरको बजारमा भएको भीषण आगलागीका कारण उक्त क्षेत्रका ९ वटा पक्की घर जलेर नष्ट भएको तथा त्यस ठाउँमा व्यापार गर्ने १५ घरको धनमाल र पशुधनको समेत क्षति भएकोले उक्त क्षेत्रमा राहत तथा पुनर्स्थापनाको लागि नेपाल सरकार, गृह मन्त्रालयको ध्यानाकर्षण होस् भन्नुभयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री तारा लामा तमाङ्ग
२. मा० श्री तेजुलाल चौधरी
३. मा० श्री दामोदर पौडेल बैरागी
४. मा० श्री दिपक खड्का
५. मा० श्री दीपा शर्मा
६. मा० श्री दुर्गा राई
७. मा० श्री देवप्रसाद तिमलसेना
८. मा० श्री देवी प्रसाद भट्टचन
९. मा० श्री धवल शम्मशेर ज.ब.रा.
१०. मा० श्री नारायणी शर्मा
११. मा० श्री पुष्प बहादुर शाह
१२. मा० श्री प्रकाश ज्वाला
१३. मा० श्री प्रकाशमान सिंह
१४. मा० श्री प्रदीप पौडेल
१५. मा० श्री प्रभु हजरा दुसाध
१६. मा० श्री बद्री प्रसाद पाण्डे
१७. मा० श्री प्रेम बहादुर महर्जन
१८. मा० श्री बलराम अधिकारी
१९. मा० श्री बासुदेव घिमिरे
२०. मा० श्री दिलेन्द्र प्रसाद बडू

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री धनराज गुरुङ्ग
२. मा० श्री देवेन्द्र पौडेल
३. मा० श्री के.पी. शर्मा ओली
४. मा० श्री ज्ञान बहादुर शाही
५. मा० श्री बिरेन्द्र प्रसाद महतो
६. मा० श्री मेटमणि चौधरी
७. मा० डा० चन्द्रकान्त राउत
८. मा० श्री रामप्रकाश चौधरी
९. मा० श्री चित्र बहादुर के.सी.
१०. मा० श्री प्रेम सुवाल
११. मा० श्री ईश्वरी देवी न्यौपाने
१२. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)
१३. मा० श्री पूर्ण बहादुर तामाङ
१४. मा० श्री राजेन्द्र बजगाई
१५. मा० श्री नागिना यादव

यसैबीच मा० श्री के.पी. शर्मा ओलीले बोल्ने क्रममा मा० श्री रामहरि खतिवडाले नियमापत्ति गर्नुहुँदै प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २६ बमोजिम मा० पूर्व प्रधानमन्त्रीले न्यूनतम साझा कार्यक्रमको बारेमा बोलीरहनु भएको छ तर संसदको बैठक चलिरहेको धेरै दिन हुँदा पनि न्यूनतम साझा कार्यक्रम प्रस्तुत भएको देखिँदैन र बाहिर कहींबाट ल्याइएको कार्यक्रम संसदमा प्रस्तुत नगरियोस् भन्नुभयो ।

तत्पश्चात मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्रीको तर्फबाट मा० खानेपानी मन्त्री श्री अब्दुल खाँनले बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यावधि सम्वत्

२०८० साल असार मसान्तसम्म थप गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट जारी भएको बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ बमोजिमको बाधा अड्काउ फुकाउ आदेश सदन समक्ष पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "महादेव बजगाईको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी साविक जिल्ला कैलाली बलिया गा.वि.स. वडा नं. ३ हालको लम्कीचुहा नगरपालिका वडा नं. ४ बलिया बस्ने करङ्गा चौधरीको छोरा तथा २०७९ सालको प्रतिनिधि सभाको निर्वाचनमा कैलाली क्षेत्र नम्बर २ बाट नागरिक उन्मुक्ति पार्टीबाट निर्वाचित प्रतिनिधि सभा सदस्य अरुण कुमार चौधरी समेत भएको आगो लगायो भन्ने मुद्दामा प्रतिनिधि सभा सदस्य अरुण कुमार चौधरीलाई मिति २०७९/१०/१९ गते पक्राउ गरी मिति २०७९/१०/२० गते कैलाली जिल्ला अदालत, कैलालीमा पेश गर्दा जिल्ला अदालतबाट थुनुवा पुर्जी सहित कैद भुक्तानको लागि कारागार कार्यालय, कैलालीमा पठाइएको व्यहोरा अनुरोध छ" भनी नेपाल सरकार, गृह मन्त्रालय, नेपाल प्रहरी प्रधान कार्यालयको प.सं. २-०४-१०-(०७९/०८०), च.नं. ९०० मिति २०७९/१०/२० गतेको पत्र प्राप्त भएकोले नेपालको संविधानको धारा १०३ को उपधारा (६) को प्रतिबन्धात्मक वाक्यांश तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २४४ को उपनियम (४) को प्रयोजनको लागि सोही नियमको उपनियम (१) बमोजिम सदनलाई जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिबाट नेपालको संविधानको धारा ९५ बमोजिम सम्वत् २०७९ साल माघ २७ गते शुक्रबारका दिन दिनको ३:०० बजे संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्ने कार्यक्रम रहेको हुँदा प्रतिनिधि सभाका सम्पूर्ण मा० सदस्यहरु उक्त दिन दिनको २:४५ बजे भित्र नै प्रतिनिधि सभा बैठक कक्षमा आ-आफ्नो आशन ग्रहण गरिसक्नुहुन अनुरोध गर्नुहुँदै उक्त दिन र समयमा मा० सदस्यहरुको लागि निर्धारण गरिएको पोशाकमा उपस्थित भईदिनुहुन समेत अनुरोध गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल माघ २७ गते शुक्रबार दिनको ५:०० बजे बस्नेगरी आजको बैठक दिनको ४:३० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
बैठक संख्या - ८

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल माघ २७ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ५:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले राष्ट्रपति कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले सम्वत् २०७९/९/११ गते गठित मौजुदा मन्त्रिपरिषद्का माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री शिशिर खनाल र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री डोलप्रसाद अर्यालले नेपालको संविधानको धारा ७७ को उपधारा (२) को खण्ड (क) बमोजिम मन्त्री पदबाट राजीनामा दिनुभएकोले प्रधानमन्त्रीको सिफारिशमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ज्यूले सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध छ ।
>
> (यादवप्रसाद कोइराला)
> सचिव

मिति : २०७९/१०/२३

तदुपरान्त सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा सम्माननीय राष्ट्रपति महोदयबाट गरिएको सम्बोधनको प्रति टेबुल गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ३७ को उपनियम (३) बमोजिम सम्माननीय राष्ट्रपति महोदयबाट गरिएको सम्बोधन प्रति निम्नलिखित धन्यवादको प्रस्ताव पेश गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

धन्यवादको प्रस्ताव

> "सम्माननीय राष्ट्रपतिद्वारा नेपालको संविधानको धारा ९५ बमोजिम प्रतिनिधि सभाको निर्वाचनपछिको पहिलो अधिवेशन प्रारम्भ भएपछि संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्वत् २०७९ साल माघ २७ गते शुक्रबारका दिन गर्नुभएको सम्बोधनको लागि प्रतिनिधि सभाको यो बैठक सम्माननीय राष्ट्रपति महोदयमा धन्यवाद ज्ञापन गर्दछ ।"

त्यसपछि प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले "अनुगमन तथा मुल्यांकन विधेयक, २०७६", "अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७७" र "खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७" का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश सहितको विधेयक टेबुल गर्नुभयो ।

तत्पश्चात प्रतिनिधि सभा नियमावली मस्यौदा समितिका मा० ज्येष्ठ सदस्य श्री चित्र बहादुर के.सी.ले प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको कार्यावधि सकिएको मितिले अर्थात् २०७९ माघ २७ गतेबाट सात दिन थप गर्ने सम्बन्धी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल माघ २९ गते आइतबार दिनको ३:०० बजे बस्नेगरी आजको बैठक दिनको ५:२५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
बैठक संख्या - ९

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल माघ २९ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ३:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ गुल्मी जिल्लाको कालीगण्डकी गाउँपालिकाको हुर्तुङ्ग भन्ने स्थानको जंगलमा आगलागी हुँदा गाउँको सुरक्षाको लागि आगो निभाउन गएका दुई युवा भारती र टिका गिरी आगोमा जलेर घाइते भई हाल उपचाररत रहेकोले उहाँहरुको उपचार सरकारको तर्फबाट होस्, सम्माननीय राष्ट्रपतिबाट संसदमा सम्बोधन गर्न आउँदा र सम्बोधन पश्चात् फर्कंदा सडकमा सवारी जाम हुँदा राष्ट्रपति जस्तो संस्थाको आलोचना हुने गरेकोले सरकारले यस्ता औपचारिक कार्यक्रममा हुने सवारीलाई अविलम्ब व्यवस्थित गर्नेतर्फ ध्यान दिईयोस्, निशुल्क शिक्षाको विषय पटक पटक उठेपनि जुम्ला लगायतका हिमाली जिल्लामा भने विद्यार्थीले पढ्न किताब समेत उपलब्ध हुन नसकेकोले अविलम्ब पाठ्यपुस्तक उपलब्ध गराउने वातावरण सरकारले मिलाउनु पर्ने लगायतका विषयहरुमा निम्नलिखित मा० सदस्यहरुले आ आफ्नो धारणा राख्नुभयो :

१. मा० डा० चन्द्रकान्त भण्डारी
२. मा० श्री रघुजी पन्त
३. मा० श्री ज्ञानबहादुर शाही

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा भाग लिनुभयो :-

१. मा० श्री मनबहादुर गुरुङ्ग
२. मा० श्री महेश कुमार बर्तौला
३. मा० श्री मुक्ता कुमारी यादव
४. मा० श्री मेनका कुमारी पोखरेल
५. मा० श्री मैना कार्की
६. मा० श्री योगेश कुमार भट्टराई
७. मा० श्री रण कुमारी वलम्पाकी मगर
८. मा० श्री रणेन्द्र बराली
९. मा० श्री रमा कोईराला पौड्याल
१०. मा० श्री राजकिशोर यादव
११. मा० श्री राजेन्द्र बजगाई
१२. मा० श्री रामकृष्ण यादव
१३. मा० श्री रामहरी खतिवडा
१४. मा० श्री रुपा सो.शी. (चौधरी)
१५. मा० श्री रेखा यादव
१६. मा० श्री लक्ष्मी तिवारी

तत्पश्चात सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री अमनलाल मोदीले "थारु आयोगको चौथो वार्षिक प्रतिवेदन (२०७८ श्रावण - २०७९ आषाढ)" पेश गर्नुभयो ।

त्यसपछि मा० उपप्रधानमन्त्री एवं अर्थ मन्त्री श्री विष्णुप्रसाद पौडेलले आ.व. २०७९/८० को बजेटको अर्ध वार्षिक मूल्याङ्कन प्रतिवेदनको सम्बन्धमा वक्तव्य दिनुभयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१९ को (२) बमोजिम मा० मन्त्रीको वक्तव्यको सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले सोध्नुभएको प्रश्नको मा० उपप्रधानमन्त्री एवं अर्थ मन्त्री श्री विष्णुप्रसाद पौडेलले जवाफ दिनुभयो ।

१. मा० डा० अमरेश कुमार सिंह
२. मा० श्री योगेश कुमार भट्टराई
३. मा० श्री प्रेम सुवाल
४. मा० श्री मेटमणि चौधरी
५. मा० श्री दिलेन्द्र प्रसाद बडू
६. मा० श्री तेजुलाल चौधरी
७. मा० श्री हरि ढकाल
८. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की
९. मा० श्री प्रदिप पौडेल
१०. मा० श्री मनिष झा
११. मा० श्री बासुदेव घिमिरे
१२. मा० श्री ज्ञान बहादुर शाही
१३. मा० श्री अनिता देवी
१४. मा० श्री सुमना श्रेष्ठ

१५. मा० श्री रामहरी खतिवडा
१६. मा० श्री प्रकाश ज्वाला
१७. मा० श्री विराजभक्त श्रेष्ठ
१८. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
१९. मा० श्री रञ्जु कुमारी झा

तत्पश्चात मा० श्री रामहरी खतिवडाले स्थान रिक्तताको जानकारी गराइसकेको प्रतिनिधि सभा सदस्यको नाम आजको शून्य समयको सूचीमा कसरी समावेश भयो भन्नुहुँदै नियमापत्ति गर्नुभएपछि सम्माननीय सभामुखले सो विषयमा जानकारी भैसकेको र त्यस सम्बन्धमा प्राविधिक रुपमा त्रुटि भएकोले सचिवालयको ध्यानाकर्षण गराइसकिएको व्यहोरा मा० सदस्यलाई जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले मा० उपप्रधानमन्त्री एवं अर्थ मन्त्रीले प्रस्तुत गर्नुभएको आ.व. २०७९/८० को बजेटको अर्ध वार्षिक मूल्याङ्कन प्रतिवेदन मा० सदस्यहरुको लागि वितरण कक्षबाट उपलब्ध हुने व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले पूर्व सदस्य कर्मा घलेको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक नेपाली काँग्रेस पार्टीबाट वि.सं. २०७४ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा समानुपातिक सदस्यमा निर्वाचित, सक्रिय राजनीतिका साथै सामाजिक कार्यमा अतुलनीय योगदान दिनुभएका, शालिन एवं सरल व्यक्तिको रुपमा परिचित कर्मा घलेको ५९ वर्षको उमेरमा मिति २०७९ माघ २४ गते मंगलबार महाराजगञ्जस्थित त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा उपचारको क्रममा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तत्पश्चात सभाले स्वर्गीय कर्मा घलेको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल फागुन ३ गते बुधबार बिहान ११:०० बजे बस्नेगरी आजको बैठक दिनको ४:४५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
बैठक संख्या - १०

सूचनापत्र - २

(संशोधित)

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल फागुन ३ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ११:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ निम्नलिखित मा० सदस्यहरुले संविधानको रक्षक एवं नेपाली जनताको सर्वोच्चता र सार्वभौमिकताको संरक्षकको रुपमा रहेको सर्वोच्च अदालत का.मु. नेतृत्वमा रहँदा पर्ने मनोवैज्ञानिक एवं संस्थागत असरप्रति सरकारले ध्यान दिनुपर्ने, पूर्व प्रधानन्यायाधीश विरुद्धको महाभियोगको प्रस्तावमाथि संघीय संसदको महासचिवले लेखेको पत्र उपर सर्वोच्च अदालतले अन्तरिम आदेश गरेकोले सो सम्बन्धी कागजात सदनमा उपलब्ध हुनुपर्ने, काठमाडौंको नयाँ बसपार्कमा साना व्यवसायीहरुको पसलमा दिउँसै लुटपाट भएको घटनाले देशमा विद्यमान सुरक्षाको स्थिति दर्शाएको घटनामा संलग्न व्यक्तिहरुलाई सरकारले छानविन गरी दोषीहरुलाई तत्काल कारवाही हुनुपर्ने तथा यातायात व्यवसायीहरुको माग समेत सम्बोधन हुनुपर्ने, राष्ट्रपतिको सवारीको समयमा यातायात व्यवस्था सहज बनाउने जिम्मेवारी सरकारको भएकोले त्यसतर्फ ध्यान दिनुपर्ने, अर्थमन्त्रीको वक्तव्य विपरित अर्थ मन्त्रालयले रासायनिक मल खरीद गर्न बजेट नपठाएको विषयप्रति सदनमा जवाफ दिनुपर्ने लगायतका विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो ।

१. मा० श्री अर्जुन नरसिंह के.सी
२. मा० श्री प्रकाश शरण महत
३. मा० श्री प्रेम सुवाल

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा भाग लिनुभयो :-

१. मा० श्री लेखनाथ दाहाल
२. मा० श्री विनिता कुमारी सिंह
३. मा० श्री विद्या भट्टराई
४. मा० श्री विराज भक्त श्रेष्ठ
५. मा० श्री विश्व प्रकाश शर्मा
६. मा० श्री शक्ति बहादुर बस्नेत
७. मा० श्री शोभा ज्ञवाली
८. मा० श्री शिशिर खनाल
९. मा० श्री शंकर भण्डारी
१०. मा० श्री सरस्वती बजिमय
११. मा० श्री सरस्वती सुब्बा
१२. मा० श्री सराज अहमद फारुकी
१३. मा० श्री सरिता प्रसाई
१४. मा० श्री सरिता भुसाल
१५. मा० श्री सान्ती चौधरी
१६. मा० श्री सुमना श्रेष्ठ
१७. मा० श्री सुरेन्द्र राज आचार्य
१८. मा० श्री सुशिला थिङ
१९. मा० श्री सूर्य कुमारी श्रेष्ठ
२०. मा० श्री सूर्य प्रसाद ढकाल
२१. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
२२. मा० श्री सोनु मुर्मु
२३. मा० श्री सोबिता गौतम
२४. मा० श्री संगिता मण्डल धानुक
२५. मा० श्री सञ्जय कुमार गौतम
२६. मा० श्री हित बहादुर तामाङ
२७. मा० श्री हितराज पाण्डे
२८. मा० श्री हेमराज राई
२९. मा० श्री ज्ञान बहादुर शाही
३०. मा० श्री ज्ञानु बस्नेत सुवेदी
३१. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की
३२. मा० श्री सन्तोष चालिसे

तत्पश्चात प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० डा० चन्द्रकान्त भण्डारी
२. मा० श्री योगेश कुमार भट्टराई
३. मा० श्री पूर्ण बहादुर घर्ति
४. मा० श्री हरि ढकाल
५. मा० श्री विना जैसवाल
६. मा० श्री प्रदिप यादव
७. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
८. मा० श्री अनिता देवी
९. मा० श्री राम प्रकाश चौधरी
१०. मा० श्री गंगाराम चौधरी
११. मा० श्री चित्र बहादुर के.सी.
१२. मा० श्री प्रदिप पौडेल
१३. मा० श्री ठाकुर गैरे
१४. मा० श्री अशिम शाह

१५. मा० श्री रामनाथ अधिकारी
१६. मा० श्री हेमराज राई
१७. मा० श्री डिग बहादुर लिम्बु
१८. मा० श्री ऋषिकेश पोखरेल
१९. मा० श्री कान्तिका सेजुवाल
२०. मा० श्री दामोदर पौडेल वैरागी
२१. मा० श्री शान्ती वि.क.

त्यसपछि सम्माननीय सभामुखले "सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम मा० श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनुभयो । मा० श्री प्रेम सुवालले विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री ध्रुवबहादुर प्रधानले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तत्पश्चात मा० श्री प्रेम सुवालले आफुले दिनुभएको विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले उक्त विरोधको सूचनालाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले अस्वीकृत भयो ।

त्यसपछि मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री ध्रुवबहादुर प्रधानले "सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९" प्रस्तुत गर्नुभयो ।

तदुपरान्त मा० कृषि तथा पशुपंक्षी विकास मन्त्री श्री ज्वाला कुमारी साहले राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि निम्नलिखित मा० सदस्यहरुले आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री रमेश लेखक
२. मा० श्री प्रदिप यादव
३. मा० श्री रघुजी पन्त
४. मा० श्री शक्ति बहादुर बस्नेत
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री विराजभक्त श्रेष्ठ
७. मा० श्री बद्री प्रसाद पाण्डे
८. मा० श्री नागिना यादव
९. मा० श्री रणेन्द्र बराली
१०. मा० श्री सञ्जय कुमार गौतम
११. मा० श्री ठाकुर गैरे
१२. मा० श्री सुमना श्रेष्ठ
१३. मा० श्री रेखा यादव
१४. मा० श्री रामहरि खतिवडा
१५. मा० श्री राज किशोर यादव

त्यसपछि मा० कृषि तथा पशुपंक्षी विकास मन्त्री श्री ज्वाला कुमारी साहले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो ।

तदनन्तर अर्को बैठक २०७९ साल फागुन १० गते बुधबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ४.२५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
बैठक संख्या - ११

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल फागुन १० गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ निम्नलिखित मा० सदस्यहरुले नेपाल बाल मन्दिर सम्बन्धी उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक हुनुपर्ने, नेपाल ललितकला प्रतिष्ठानको जग्गाको निगरानी हुनुपर्ने, दाङ जिल्लाको चार लेन सडक समयमा सम्पन्न नभएको कारण जनताले सास्ती भोग्नुपरेको र दुर्घटनाका कारण ज्यान समेत गुमाउनु परेको, लाल आयोगको प्रतिवेदन सार्वजनिक हुनुपर्ने, रौतहट जिल्लामा सम्माननीय उपराष्ट्रपति सम्मिलित धार्मिक कार्यक्रममा विद्युत आपूर्ति बन्द गरेर विद्युत प्राधिकरणले गैर जिम्मेवार काम गरेको, सप्तरीमा सोशिता दासलाई बोक्सीको आरोपमा कुटपिट भएको घटनाप्रति गृह मन्त्रालयले सदनमा जवाफ दिनुपर्ने, भक्तपुर-दुवाकोट सडकखण्ड अविलम्ब कालोपत्रे हुनुपर्ने, नेपालको राष्ट्रपति को हुने भन्ने विषय कुनै विदेशी व्यक्तिको ट्वीटमा आउनु राष्ट्रियतामाथि हस्तक्षेप भएको, कुटनैतिक भ्रमणमा आउने व्यक्तिले पररराष्ट्र मार्फत् उच्च पदस्थ व्यक्तिहरुसँग भेटघाट गर्नुपर्ने व्यवस्था हुनुपर्ने लगायतका विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो ।

१. मा० श्री सुमना श्रेष्ठ
२. मा० श्री दिपक गिरी
३. मा० श्री गंगाराम चौधरी
४. मा० श्री प्रभु साह
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री रघुजी पन्त

तदुपरान्त सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. म.बै./३२१/४११९ मिति २०७९/११/०५ को पत्रमार्फत् सम्माननीय राष्ट्रपतिबाट राष्ट्रिय प्रजातन्त्र दिवस, २०७९ को अवसरमा नेपालको संविधानको धारा २७६ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९ बमोजिम मन्त्रिपरिषद्को सिफारिशमा अरुण कुमार चौधरी, साविक बलिया गा.वि.स. वडा नं. ३, कैलालीलाई आगो लगायो मुद्दामा कैलाली जिल्ला अदालतबाट भएको फैसला बमोजिम लागेको सजाय माफी भएको भनी नेपाल सरकार, गृह मन्त्रालयको प.सं. ०७९/०८० चं.नं. ५३० मिति २०७९/११/१० गते पत्र प्राप्त भएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तत्पश्चात प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा भाग लिनुभयो :-

१. मा० श्री अच्युत प्रसाद मैनाली
२. मा० श्री अन्जनी श्रेष्ठ
३. मा० श्री अनिशा नेपाली
४. मा० श्री अम्बिका बस्नेत
५. मा० श्री असिम शाह
६. मा० श्री ईश्वर बहादुर रिजाल
७. मा० श्री ईश्वरी घर्ती
८. मा० श्री ईश्वरी देवी न्यौपाने
९. मा० श्री उर्मिला माझी
१०. मा० श्री कल्पना मियाँ कुसारी
११. मा० श्री किरण कुमार साह
१२. मा० श्री कुसुमदेवी थापा
१३. मा० श्री गगन कुमार थापा
१४. मा० श्री गोमा लाभ (सापकोटा)
१५. मा० श्री छविलाल विश्वकर्मा
१६. मा० श्री छिरिङ डम्डुल लामा (भोटे)
१७. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)
१८. मा० श्री कान्तिका सेजुवाल

त्यसपछि प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० डा० प्रकाश शरण महत
२. मा० श्री लिलानाथ श्रेष्ठ
३. मा० श्री महेन्द्र बहादुर शाही
४. मा० डा० तोसिमा कार्की
५. मा० श्री धवल शम्मशेर ज.ब.रा.
६. मा० श्री सुशिला श्रेष्ठ
७. मा० श्री प्रकाश ज्वाला
८. मा० श्री अनिता देवी
९. मा० श्री रामप्रकाश चौधरी
१०. मा० श्री जीवन परियार
११. मा० श्री हेमराज राई
१२. मा० श्री लेखनाथ दाहाल
१३. मा० श्री ढाका कुमार श्रेष्ठ
१४. मा० श्री शंकर भण्डारी
१५. मा० श्री लालप्रसाद साँवा लिम्बु
१६. मा० श्री सरस्वती बजिमय
१७. मा० श्री सिता कुमारी राना
१८. मा० श्री सुशिला थिङ

यसैबीच मा० श्री सुशिला श्रेष्ठले बोलीसकेपछि मा० श्री धवल शम्मशेर ज.ब.रा.ले नियमापत्ति गर्न खोज्नुभएपछि सम्माननीय सभामुखले कुन नियमको आपत्ति हो प्रष्ट पार्न भन्नुभएपछि उहाँले पूर्व वक्ता मा० सदस्यले भनेजस्तो पूर्व राजाको वक्तव्य आएको होइन भन्नुभएपछि मा० श्री रघुजी पन्त र मा० श्री हितराज पाण्डे आ-आफ्नो आशन अगाडि उभिनुभई नियमापत्ति गर्न खोज्नुहुँदा सम्माननीय सभामुखले मा० सदस्यहरुले एक अर्काको वक्तव्यलाई लिएर वादविवाद नगर्नहुन ध्यानाकर्षण गराउनु भयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली मस्यौदा समितिका मा० सभापति श्री चित्र बहादुर के.सी.ले "प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०७९" पेश गर्नुभयो ।

त्यसपछि मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री ध्रुवबहादुर प्रधानले "सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्रीले प्रस्ताव प्रस्तुत गरेपछि मा० श्री अर्जुन नरसिंह के.सी.ले नियमापत्ति गर्नुहुँदै प्रस्तुत विधेयकमा रहेको निवारण शब्दले गलत अर्थ लाग्नजाने देखिएकोले उल्लिखित विधेयकको नाम सच्याईयोस् भन्नुभयो ।

तत्पश्चात "सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री राजेन्द्र कुमार के.सी.
२. मा० श्री प्रकाश ज्वाला
३. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की
४. मा० श्री हितराज पाण्डे
५. मा० श्री रञ्जु कुमारी झा
६. मा० डा० प्रकाश शरण महत
७. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
८. मा० श्री सुमना श्रेष्ठ
९. मा० श्री प्रदिप पौडेल
१०. मा० श्री रामहरि खतिवडा
११. मा० श्री रघुजी पन्त
१२. मा० श्री प्रेम सुवाल
१३. मा० श्री रणेन्द्र बराली
१४. मा० श्री मुक्ता कुमारी यादव

त्यसपछि मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री ध्रुवबहादुर प्रधानले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले "सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९" माथि संशोधन पेश गर्न चाहने मा० सदस्यहरुले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १११ बमोजिम बहत्तर घण्टाभित्र आफूले पेश गर्न चाहेको संशोधनको सूचना विधेयक शाखा (प्रतिनिधि सभा) मा दिनसक्नुहुने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक २०७९ साल फागुन १२ गते शुक्रबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ५.३५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
बैठक संख्या - १२

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल फागुन १२ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:३५ बजे प्रारम्भ भयो ।

१४. मा० श्री हेमराज राई
१५. मा० श्री तेजुलाल चौधरी
१६. मा० श्री शिव नेपाली
१७. मा० श्री मुक्ता कुमारी यादव
१८. मा० श्री सुमना श्रेष्ठ
१९. मा० श्री सञ्जयकुमार गौतम
२०. मा० श्री विद्या भट्टराई
२१. मा० श्री ठाकुरप्रसाद गैरे
२२. मा० श्री नागिना यादव
२३. मा० श्री रोशन कार्की
२४. मा० श्री रणकुमारी बलम्पाकी मगर
२५. मा० श्री रेखा यादव
२६. मा० श्री गणेश पराजुली
२७. मा० श्री किरण कुमार साह
२८. मा० श्री बद्रीप्रसाद पाण्डे
२९. मा० श्री जावेदा खातुन जागा
३०. मा० श्री रामकृष्ण यादव
३१. मा० श्री धवल शम्मशेर ज.ब.रा.
३२. मा० श्री अमृतलाल राजवंशी
३३. मा० श्री रामप्रकाश चौधरी

तत्पश्चात सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले "राष्ट्रिय समावेशी आयोगको चौथो वार्षिक प्रतिवेदन (आ. व. २०७८/०७९)" पेश गर्नुभयो ।

त्यसपछि प्रतिनिधि सभा नियमावली मस्यौदा समितिका मा० सभापतिको तर्फबाट समितिका सदस्य मा० श्री रमेश लेखकले "प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०७९ माथिको दफावार छलफल प्रारम्भ भएको जानकारी गराउँदै उक्त प्रतिवेदनमा उल्लिखित विभिन्न नियमहरुमा एकल र संयुक्त रुपमा मा० सदस्यहरुबाट संशोधनका सूचनाहरु प्राप्त भएको व्यहोरा समेत जानकारी गराउनु भयो ।

तत्पश्चात निम्नलिखित संशोधनकर्ता मा० सदस्यहरुले उक्त मस्यौदा प्रतिवेदनमाथि राख्नुभएको आफ्नो संशोधन प्रस्तुत गर्दै छलफलमा समेत भाग लिनुभयो:-

१. मा० श्री सुमना श्रेष्ठ
२. मा० डा० आरजु राणाको तर्फबाट मा० श्री ईश्वरी देवी न्यौपाने
३. मा० श्री राजेन्द्र कुमार के.सी
४. मा० श्री रामहरि खतिवडा
५. मा० श्री पूर्ण बहादुर घर्ती
६. मा० श्री अम्मर बहादुर थापा
७. मा० श्री रेखा यादव
८. मा० श्री सन्तोष परियार
९. मा० श्री प्रेम सुवाल
१०. मा० श्री रुपा सो.सी. चौधरी
११. मा० श्री दामोदर पौडेल बैरागी
१२. मा० डा० चन्द्र कान्त राउतको तर्फबाट मा० श्री सोनु मुर्मु

यसैबीच मा० डा० आरजु राणाको तर्फबाट मा० श्री ईश्वरी देवी न्यौपानेले संशोधन प्रस्तुत गर्न लाग्दा मा० श्री प्रदिप यादवले कुनै सदस्यको संशोधन अर्को सदस्यले पेश गर्न नपाउने भन्दै नियमापत्ति गर्न खोज्नुभएपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ११० मा सो व्यवस्था रहेकोतर्फ मा० सदस्यको ध्यानाकर्षण गराउनु भयो ।

त्यसपछि प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०७९ माथिको दफावार छलफलमा निम्नलिखित मा० सदस्हरुले भाग लिनुभयो ।

१. मा० श्री रामकृष्ण यादव
२. मा० श्री विनिता कठायत
३. मा० श्री मनिष झा
४. मा० श्री विराजभक्त श्रेष्ठ

तदुपरान्त प्रतिनिधि सभा नियमावली मस्यौदा समितिका मा० सभापतिको तर्फबाट समितिका सदस्य मा० श्री रमेश लेखकले छलफलका क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुहुँदै उक्त नियमावलीमा समावेश गर्ने गरी देहाय बमोजिमको संशोधनहरु समितिको तर्फबाट स्वीकार गरेको समेत जानकारी गराउनु भयो ।

क्र.सं.	नियम	संशोधनको व्यहोरा
१.	२	• खण्ड (च) मा रहेको "एवं संघीय संसदको महासचिव र सचिवलाई" भन्ने शब्दहरु हटाउने र "सचेतक" भन्ने शब्दको अगाडि रहेको "," हटाई "र" थप गर्ने ।
२.	६	• उपनियम (२) मा रहेको प्रतिबन्धात्मक वाक्यांशमा रहेको "एक" भन्ने शब्दको सट्टा "दुई" भन्ने शब्द राख्ने ।
३.	७	• उपनियम (९) मा रहेको "उपनियम (१) बमोजिम" भन्ने शब्दहरुको पछि "अधिवेशन चालू रहेकोमा र अधिवेशन चालू नरहेको अवस्थामा अधिवेशन प्रारम्भ भएको" भन्ने वाक्यांश थप गर्ने ।
४.	११	• नियममा रहेको प्रतिबन्धात्मक वाक्यांश पछि देहायको स्पष्टीकरण थप गर्ने, "स्पष्टीकरण: यस नियमको प्रयोजनको लागि "सरकारी" भन्नाले मन्त्रीको तर्फबाट सभामा प्रस्तुत हुने कुनै विधेयक वा प्रस्ताव वा विषयलाई र "गैर सरकारी" भन्नाले मन्त्री बाहेकका सदस्यले प्रस्तुत गर्ने कुनै विधेयक वा प्रस्ताव वा विषयलाई सम्झनुपर्छ ।"
५.	१२	• उपनियम (१) मा रहेको "प्रत्येक दिनको" भन्ने शब्दहरुको सट्टा "एक दिन अगावै सम्भावित" भन्ने शब्दहरु राख्ने र सोही उपयिममा रहेको "एक प्रति एक दिन अगावै" भन्ने शब्दहरुको सट्टा "जानकारी सोही दिन विद्युतीय माध्यमबाट" भन्ने शब्दहरु राख्ने । • उपनियम (१) को प्रतिबन्धात्मक वाक्यांश हटाई देहायको उपनियम (२) थप गरी त्यसपछिको उपनियमक्रम मिलाउने, "(२) सभामुखको निर्देशानुसार बैठक बस्ने एक घण्टा अगावै कार्यसूची तयार गरी त्यसको

क्र.सं.	नियम	संशोधनको व्यहोरा
		एक प्रति सदस्यलाई उपलब्ध गराइनेछ ।"
६.	१३	• देहाय बमोजिमको उपनियम (४) थप गर्ने, "(४) उपनियम (१) बमोजिमको समितिको बैठक अधिवेशन चालु रहेको अवस्थामा नियमित रुपमा र अन्य समयमा आवश्यकतानुसार बस्नेछ ।"
७.	१५	• उपनियम (१) मा रहेको "तोक्नु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "तोक्न सक्नेछ" भन्ने शब्दहरु राख्ने । • उपनियम (१) मा देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश थप गर्ने, "तर अघिल्लो बैठक र प्रारम्भ हुन लागेको बैठक बीचको अवधिको कुनै गम्भिर प्रकृतिका घटना वा विषयको सन्दर्भमा सरकारको ध्यानाकर्षण गराउन सदस्यले ढ्याप ढ्याप गरी समय माग गरेमा सभामुखले आकस्मिक समय उपलब्ध गराउन सक्नेछ ।" • उपनियम (२) मा रहेको "बमोजिमको" भन्ने शब्द पछि "आकस्मिक," भन्ने शब्द थप गर्ने ।
८.	१०४	• नियममा रहेको "गराइनेछ ।" भन्ने शब्द पछि "त्यस्तो विधेयक वेबसाइटमा सोही दिनमा उपलब्ध गराइनेछ ।" भन्ने शब्दहरु थप गर्ने ।
९.	११४	• उपनियम (२) मा रहेको "गराइनेछ" भन्ने शब्द पछि "र सोही दिन वेबसाइटमा समेत राखिनेछ" भन्ने शब्दहरु थप गर्ने ।
१०.	१२९	• उपनियम (४) मा रहेको "सो कुराको" भन्ने शब्दहरुको सट्टा "सो को" भन्ने शब्दहरु राखी सोही नियममा रहेको "यथाशीघ्र" भन्ने शब्द झिकिएको ।
११.	१९२	• उपनियम (३) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्ने, "तर राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत कर्मचारी नपुग भएमा राजपत्राङ्कित द्वितीय श्रेणीको वरिष्ठ अधिकृत कर्मचारीलाई तोक्न वाधा पर्ने छैन ।"
१२.	२३९	• नियम २३९ मा रहेको "सल्लाह दिन" भन्ने शब्दहरु पछि "र सो बैठकमा कार्यरत सचिव वा अधिकृतलाई निर्देशन दिन" भन्ने शब्दहरु थप गर्ने ।
१३.	२४१	• उपनियम (१) मा रहेको "आफ्नो मातृभाषामा बोलेको अवस्थामा त्यसलाई" भन्ने शब्दहरुको सट्टा "भाषा आयोगले सिफारिस गरी नेपाल सरकारले निर्णय गरे बमोजिमको भाषा प्रयोग गर्न सक्नेछ र सो को" भन्ने शब्दहरु राख्ने ।
१४.	२४२	• उपनियम (१) पछि देहायको उपनियम (२) थप गरी उपनियम क्रम मिलाउने, "(२) उपनियम (१) बमोजिम पोशाक तोक्दा औपचारिक, मौलिक सँस्कृति र परम्परा वा पहिचान झल्किने मर्यादित भेषभूषा वा पोशाक समेतमा ध्यान दिनुपर्नेछ ।"
१५.	२४५	• उपनियम (१) मा रहेको "आवश्यकता अनुसार" भन्ने शब्दहरुलाई झिकी "कार्यव्यवस्था परामर्श समितिको परामर्शमा" भन्ने शब्दहरुको अगाडि राख्ने ।
१६.	२४६	• देहायको उपनियम (२) थप गरी उपनियमक्रम मिलाउने, "(२) उपनियम (१) बमोजिमको समितिको बैठक बस्नु परेमा सम्बन्धित समितिको सभापतिले सभामुखको अनुमति लिई बैठक बस्नु पर्नेछ ।" • उपनियमक्रम मिलाएपछि हुन आउने उपनियम (३) मा रहेको "उपनियम (१)" भन्ने शब्द पछि "र (२)" भन्ने शब्द थप गर्ने ।
१७.	२५६	• नियममा रहेको "संस्था" भन्ने शब्द पछि "वा पूर्व सांसद मञ्च, नेपाल लगायत" भन्ने शब्दहरु थप गर्ने ।
१८.	२५७	• नियम शीर्षक "महिला इकाई" भन्ने शब्दहरुको सट्टा "महिला समन्वय समिति" भन्ने शब्दहरु राख्ने । • उपनियम (१) मा रहेको "सभामुख वा उपसभामुखको अध्यक्षतामा एक इकाई" भन्ने शब्दहरुको सट्टा "महिला सदस्य संयोजक रहने गरी एक समिति" भन्ने शब्दहरु राख्ने । • उपनियम (१) पछि देहायको उपनियम (२) थप गरी उपनियमक्रम मिलाउने, "(२) उपनियम (१) बमोजिमको समितिका पदाधिकारी र सदस्यलाई थप सेवा र सुविधा उपलब्ध गराइने छैन ।" • उपनियमक्रम मिलाएपछि हुन आउने उपनियम (३) को सट्टा देहायको उपनियम (३) राख्ने, "(३) उपनियम (१) बमोजिमको समिति गठन गर्दा समितिले गर्नुपर्ने काम र समितिमा रहने सदस्यको नामावली सहितको प्रस्ताव सभामुखले कार्यव्यवस्था परामर्श समितिको परामर्शमा बैठकमा प्रस्तुत गर्नेछ ।"

त्यसपछि निम्नलिखित संशोधनकर्ता मा० सदस्यहरुले प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०७९" माथि पेश गर्नुभएको संशोधनहरु मध्ये मा० श्री रमेश लेखकले जवाफ दिने क्रममा स्वीकार गर्नुभएका संशोधनहरु बाहेक बाँकी संशोधनहरु फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

१. म० श्री सुमना श्रेष्ठ
२. मा० श्री प्रतिमा गौतम
३. मा० श्री श्याम कुमार घिमिरे
४. मा० श्री प्रेम सुवाल

तत्पश्चात निम्नलिखित मा० सदस्यहरुले प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०७९ माथि पेश गर्नुभएको संशोधनहरु मध्ये मा० श्री रमेश लेखकले जवाफ दिने क्रममा स्वीकार गर्नुभएका संशोधनहरु बाहेक बाँकी संशोधनहरु फिर्ता लिनु भएकोले सम्माननीय सभामुखले उक्त संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गरिरहनु नपर्ने जानकारी गराउनु भयो ।

१. डा० आरजु राणाको तर्फबाट
   मा० श्री ईश्वरी देवी न्यौपाने
२. संयुक्त संशोधनका मुल संशोधनकर्ता
   मा० श्री राजेन्द्र कुमार के.सी.
३. मा० श्री रामहरि खतिवडा
४. मा० श्री पूर्ण बहादुर घर्ती
५. संयुक्त संशोधनका मुल संशोधनकर्ता
   मा० श्री अम्मर बहादुर थापा
६. मा० श्री रेखा यादव
७. मा० श्री सन्तोष परियार
८. संयुक्त संशोधनका मुल संशोधनकर्ता
   मा० श्री रुपा सो.सी. चौधरी
९. मा० श्री माधव सापकोटाको तर्फबाट
   मा० श्री हितराज पाण्डे
१०. मा० श्री दामोदर पौडेल वैरागी
११. मा० डा० चन्द्रकान्त राउतको तर्फबाट
   मा० श्री सोनु मुर्मु

त्यसपछि सम्माननीय सभामुखले नियमावली मस्यौदा समितिका मा० सभापतिको तर्फबाट समितिका सदस्य मा० श्री रमेश लेखकले दफावार छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिने क्रममा नियमावलीमा समावेश गर्ने गरी स्वीकार गर्नुभएको संशोधनहरु समूहीकृत रुपमा स्वीकृत गरियोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात नियमावली मस्यौदा समितिका मा० सभापतिको तर्फबाट समितिका सदस्य मा० श्री रमेश लेखकले दफावार छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिने क्रममा नियमावलीमा समावेश गर्ने गरी स्वीकार गर्नुभएको संशोधनहरु समूहीकृत रुपमा "प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०७९" को अंग बनोस् भनी राख्नु भएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०७९" को नियम २ देखि २६४ सम्म र सम्बन्धित अनुसूची १ देखि ७ सम्म नियमावलीको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले "प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०७९" को प्रस्तावना र संक्षिप्त नाम र प्रारम्भ क्रमशः पढेर सुनाउनु हुँदै निर्णयार्थ सभामा प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात प्रतिनिधि सभा नियमावली मस्यौदा समितिका मा० सभापतिको तर्फबाट समितिका सदस्य श्री रमेश लेखकले "प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०७९ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई निर्णयार्थ सभामा प्रस्तुत गर्नुहुँदा बहुमतबाट पारित भयो ।

तदनन्तर अर्को बैठक २०७९ साल चैत २३ गते बिहिबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ५:२५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
बैठक संख्या - १९

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल चैत २३ गते बिहिबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ निम्नलिखित मा० सदस्यहरुले आकस्मिक समयमा वैदेशिक रोजगारीको लागि विदेश जाने आउने क्रममा एरपोर्टमा भएको लापरवाहि, अमानवीय कार्य एवं लुट सम्बन्धमा अनुसन्धान हुनु पर्ने, भरतपुर अस्पतालमा स्वास्थ्य उपकरण खरिद गर्दा अनियमितता भएको, सुरक्षाकर्मीको पेन्सन अवधि घटाएर विदेश जाने चाहना बढिरहेको लागायतका विषयमा हात उठाइ आकस्मिक समय माग गर्नुभएर समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नु भयोः-

१. मा० श्री हरि ढकाल
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री ज्ञान बहादुर शाही

मा० श्री प्रेम सुवालले बोल्नु भएपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १५ मा व्यवस्था भए बमोजिम अघिल्लो वैठक र प्रारम्भ हुन लागेको वैठकको विचको अवधिमा घटेका कुनै गम्भिर घटना वा विषयमा मात्र ह्याप ह्याप गरि आकास्मिक समय लिन सकिने व्यहोरा जानकारी गराउनु भयो साथै मा० ज्ञानेन्द्र बहादुर शाहीले बोलि सक्नु भएपछि मा० हितराज पाण्डेले सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १५ को विषयमा जानकारी गराउनु भएको र हालै माननीय सदस्यहरुले बोल्नु भएको विषयवस्तु के आकस्मिक समयसँग सम्बन्धित छ ? भनेर नियमापत्ति गर्दछु भन्नु भयो ।

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नु भयोः-

१. मा० श्री विमला सुवेदी
२. मा० श्री बुद्धिमान तामाङ्ग
३. मा० श्री भानुभक्त जोशी
४. मा० श्री मनबहादुर गुरुङ्ग
५. मा० श्री महेन्द्र कुमार राय
६. मा० श्री महेश कुमार वर्तौला
७. मा० श्री माधव प्रसाद सापकोटा
८. मा० श्री मानवीर राई
९. मा० श्री मिना तामाङ
१०. मा० श्री मुक्ता कुमारी यादव
११. मा० श्री मेटमणि चौधरी
१२. मा० श्री मैना कार्की
१३. मा० श्री मंगल प्रसाद गुप्ता
१४. मा० श्री रणेन्द्र वराली
१५. मा० श्री रन्जु कुमारी झा
१६. मा० श्री रमा कोइराला पौड्याल
१७. मा० श्री राजु थापा
१८. मा० श्री राजेन्द्र कुमार के.सी.
१९. मा० श्री राजेन्द्र प्रसाद लिङ्देन
२०. मा० श्री राम कुमार राई
२१. मा० श्री रामहरि खतिवडा
२२. मा० श्री रुपा वि.क.
२३. मा० श्री रुपा सो.सी. (चौधरी)
२४. मा० श्री रेखा यादव
२५. मा० श्री रोशन कार्की
२६. मा० श्री लाल प्रसाद साँवा लिम्वु
२७. मा० श्री लिला देवी वोखिम (लिम्वु)
२८. मा० श्री लेख नाथ दाहाल

तत्पश्चात प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नु भयोः-

१. मा० श्री रामकृष्ण यादव
२. मा० श्री रघुजी पन्त

३. मा० श्री लेख नाथ दाहाल
४. मा० श्री मनिष झा
५. मा० श्री दिपक वहादुर सिंह
६. मा० श्री प्रदिप यादव
७. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
८. मा० श्री विनिता कुमारी सिंह
९. मा० श्री राम प्रकाश चौधरी
१०. मा० श्री सन्तोष चालिसे
११. मा० श्री जुली कुमारी महतो
१२. मा० श्री छिरिङ ल्हामु लामा तामाङ
१३. मा० श्री विनिता कठायत
१४. मा० श्री गिता वस्नेत
१५. मा० श्री विरेन्द्र प्रसाद महतो
१६. मा० श्री अम्मर बहादुर थापा
१७. मा० श्री जावेदा खातुन जागा
१८. मा० श्री ठाकुर गैरे
१९. मा० श्री रामनाथ अधिकारी
२०. मा० श्री विद्या भट्टराई
२१. मा० श्री तेजुलाल चौधरी
२२. मा० श्री ईश्वरी घर्ती
२३. मा० श्री ऐन वहादुर शाही
२४. मा० श्री सुशिला थिङ
२५. मा० श्री सान्ती चौधरी

यसैबीच मा० श्री रघुजी पन्तले बोलिसक्नु भएपछि मा० श्री सूर्यमान तामाङ (दोङ)ले नियमापत्ति गर्नु हुँदै मा० सदस्यले बोल्नु भएको विषयवस्तु रेकर्ड नगरियोस् भनी माग गर्नु भयो ।

त्यसपछि प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले "सार्वजनिक सेवा प्रसारण विधेयक, २०७८" र "सुरक्षण मुद्रण सम्बन्धी विधेयक, २०७८" का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश सहितको विधेयक टेबुल गर्नु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १३ बमोजिम प्रतिनिधि सभा कार्यव्यवस्था परामर्श समितिमा निम्नलिखित मा० सदस्यहरुलाई मनोनयन गरेको जानकारी गराउँनु भयो:-

(१) मा० श्री अजय कुमार चौरसिया
(२) मा० श्री अनिता देवी
(३) मा० श्री गंगाराम चौधरी
(४) मा० श्री जीवन परियार
(५) मा० श्री तारा लामा तामाङ
(६) मा० श्री नागिना यादव
(७) मा० श्री पदम गिरी
(८) मा० श्री प्रदिप यादव
(९) मा० श्री महेश कुमार बर्तौला
(१०) मा० श्री मेटमणि चौधरी
(११) मा० श्री रमेश लेखक
(१२) मा० श्री रामप्रकाश चौधरी
(१३) मा० श्री रामहरि खतिवडा
(१४) मा० श्री रुपा सो.शी. (चौधरी)
(१५) मा० श्री लिलानाथ श्रेष्ठ
(१६) मा० श्री विद्या भट्टराई
(१७) मा० श्री सन्तोष परियार
(१८) मा० श्री सरिता प्रसाई
(१९) मा० श्री हितराज पाण्डे
(२०) मा० श्री ज्ञान बहादुर शाही

यसैबिच मा० श्री प्रेम सुवालले कार्यव्यवस्था परामर्श समितिमा सवै संसदीय दल समावेश नभएको भनि प्रश्न उठाउनु भए पछि सम्माननीय सभामुखले दलीय प्रतिनिधित्वको आधारमा कार्यव्यवस्था परामर्श समिति गठन गर्ने व्यवस्था रहेको जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)को तर्फबाट माननीय सञ्चार तथा सुचना प्रविधि मन्त्री श्री रेखा शर्माले "लोक सेवा आयोगको त्रिसट्ठीऔं वार्षिक प्रतिवेदन (२०७८ श्रावण - २०७९ आषाढ)" सदन समक्ष पेश गर्नु भयो ।

तदनन्तर अर्को बैठक २०७९ साल चैत २४ गते शुक्रबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ४:२० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
बैठक संख्या - २०

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल चैत २४ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम वैठकको आकस्मिक समयमा रुकुमपूर्वको पुथाउत्तरगङ्गा गाउँपालिका-३, रन्मा भन्ने गाउँमा दुई बालिका मृत फेला परेको, सरकारको न्यूनतम साझा कार्यक्रममा समेटिएको केही विषयहरु छुटेको सम्बन्धमा, संसदको वैठकहरुमा उठेको विषयमा सम्बन्धित मन्त्रीले जवाफ दिने परिस्थिति बनोस् र स्वतन्त्र विद्यार्थी यूनियनको निर्वाचन तुरुन्त हुनुपर्ने लगायतका समसामयिक विषयमा निम्नलिखित माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नु भयोः-

१. मा० श्री कुसुम देवी थापा
२. मा० श्री विरबहादुर वलायर
३. मा० श्री मनिष झा
४. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
५. मा० श्री महेश कुमार वर्तौला

यसैबिच मा० श्री विरबहादुर वलायरले बोलिरहनु भएको समयमा सम्माननिय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १५ को उपनियम (१) को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएको भन्दा बाहिरको विषय बोल्नु भएको भनी ध्यानाकर्षण गराउँदै आफ्नो भनाई रोक्न निर्देश गर्नु भयो ।

त्यसपछि शुन्य समयमा निम्नलिखित मा० सदस्यहरुले आफ्नो भनाई राख्नु भयो ।

१. मा० श्री विजुला रायमाझी
२. मा० श्री विद्या भट्टराई
३. मा० श्री विना लामा
४. मा० श्री विराज भक्त श्रेष्ठ
५. मा० श्री शान्ती वि.क.
६. मा० श्री शान्ती श्रेष्ठ
७. मा० श्री शिव नेपाली
८. मा० श्री शिशिर खनाल
९. मा० श्री शेर बहादुर कुँवर
१०. मा० श्री शोभा ज्ञावली
११. मा० श्री शंकर भण्डारी
१२. मा० श्री सरस्वती वजिमय
१३. मा० श्री सरिता भुसाल
१४. मा० श्री सान्ती चौधरी
१५. मा० श्री सीता मिजार
१६. मा० श्री सुनिता बराल
१७. मा० श्री सुमना श्रेष्ठ
१८. मा० श्री सुशिला थिङ
१९. मा० श्री सुशिला श्रेष्ठ
२०. मा० श्री सूर्य कुमारी श्रेष्ठ
२१. मा० श्री सोबिता गौतम
२२. मा० श्री संजय कुमार गौतम
२३. मा० श्री हर्क माया विश्वकर्मा
२४. मा० श्री हित बहादुर तामाङ
२५. मा० श्री हितराज पाण्डे
२६. मा० श्री ज्ञान बहादुर शाही
२७. मा० श्री ज्ञानु बस्नेत सुवेदी
२८. मा० श्री हरि ढकाल
२९. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की

तत्पश्चात मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले सार्वजनिक महत्वको विषयमा आफ्नो वक्तव्य दिनु भयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २२२ को उपनियम (२) बमोजिम मा० मन्त्रीको वक्तव्यको सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले स्पष्टिकरण माग गर्नु भयोः-

१. मा० श्री रघुजी पन्त
२. मा० श्री गगन कुमार थापा
३. मा० श्री रामहरि खतिवडा
४. मा० श्री ज्ञान बहादुर शाही
५. मा० श्री सुमना श्रेष्ठ
६. मा० श्री मनिष झा
७. मा० श्री संजय कुमार गौतम
८. मा० श्री सोबिता गौतम

त्यसपछि, माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले छलफलमा उठको प्रश्नहरुको सम्बन्धमा स्ष्ट पार्नु भयो ।

तत्पश्चात् प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नु भयोः-

१. मा० श्री गगन कुमार थापा
२. मा० श्री मानबीर राई
३. मा० श्री देवेन्द्र पौडेल
४. मा० डा० तोसिमा कार्की
५. मा० श्री अनिशा नेपाली
६. मा० श्री विरेन्द्र प्रसाद महतो
७. मा० श्री अम्मर बहादुर थापा
८. मा० श्री अनिता देवी
९. मा० श्री राम प्रकाश चौधरी
१०. मा० श्री गंगाराम चौधरी
११. मा० श्री प्रतिमा गौतम
१२. मा० श्री प्रतिक्षा तिवारी
१३. मा० श्री नारायण प्रसाद आचार्य
१४. मा० श्री नैनकला थापा

तदुपरान्त सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)को तर्फबाट माननीय सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किरातीले "राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको चौथो वार्षिक प्रतिवेदन, २०७९" सदन समक्ष पेश गर्नु भयो ।

तत्पश्चात माननीय सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किरातीले राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नु भयो ।

त्यसपछि राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफल प्रारम्भ भयो । उक्त छलफलमा निम्नलिखित माननीय सदस्यहरु छलफलमा भाग लिनु भयोः-

१. मा० श्री सुमना श्रेष्ठ
२. मा० श्री हितराज पाण्डे
३. मा० श्री मेटमणि चौधरी
४. मा० श्री राम प्रकाश चौधरी
५. मा० श्री रामकृष्ण यादव
६. मा० श्री महेश कुमार वर्तौला
७. मा० श्री नागिना यादव
८. मा० श्री प्रेम बहादुर महर्जन
९. मा० श्री संजय कुमार गौतम
१०. मा० श्री रुपा सो.सी. चौधरी
११. मा० श्री विराज भक्त श्रेष्ठ
१२. मा० श्री सोबिता गौतम

तदुपरान्त माननीय सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किरातीले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनु भयो ।

तत्पश्चात राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीले स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले "अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७८" माथि संशोधन पेश गर्न चाहने माननीय सदस्यहरुले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम बहत्तर घण्टाभित्र आफूले पेश गर्न चाहेको संशोधनको सूचना विधेयक शाखा (प्रतिनिधि सभा)मा दिन सक्नुहुने व्यहोरा जानकारी गराउँनु भयो ।

तदनन्तर अर्को बैठक २०७९ साल चैत २७ गते सोमबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ४:४० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
बैठक संख्या - २१

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल चैत २७ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय सदस्यहरुले ढ्यापढ्याप गरि समय माग गर्नु भएपश्चातको आकस्मिक समयमा काठमाडौंको फोहर उठाउने विषयमा विलम्व नगरी महानगरपालिकासँग संवाद गर्नु पर्ने, नेपालको कानून विपरित भारतीय सुरक्षा संयन्त्रका कर्मचारीहरु नेपाल प्रवेश गरेको, बर्दिया जिल्लामा बाघको श्रृंखलाबद्ध आक्रमणबाट मानवीय क्षति भएको, ललितपुरको कुपण्डोलमा निर्माणाधिन समिट अपार्टमेन्टका कारण घरहरु भासिएको सम्बन्धमा र बाहालवाला सांसदको हालै बाहिरिएको विवादास्पद टेलिफोन संवादको विषयमा संसदीय समिति बानाएर छानविन गर्नु पर्ने लगायतका समसामयिक विषयमा निम्नलिखित माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नु भयोः-

१. मा० श्री गगन कुमार थापा
२. मा० श्री रघूजी पन्त
३. मा० श्री संजय कुमार गौतम
४. मा० श्री सन्तोष परियार
५. मा० श्री रोसन कार्की
६. मा० श्री धनराज गुरुङ्ग
७. मा० श्री प्रेम सुवाल

त्यसपछि प्रारम्भ भएको शुन्य समयमा निम्नलिखित माननीय सदस्यहरुले आफ्नो भनाई राख्नु भयो ।

१. मा० श्री अञ्जनी श्रेष्ठ
२. मा० श्री अनिशा नेपाली
३. मा० श्री अमृता देवी अग्रहरी
४. मा० श्री अर्जुन नरसिंह के.सी.
५. मा० श्री अरुण कुमार चौधरी
६. मा० श्री असिम शाह
७. मा० श्री ईश्वरी देवी न्यौपाने
८. मा० श्री उदय शंशेर ज.ब.रा.
९. मा० श्री उर्मिला माझी
१०. मा० श्री कान्तिका सेजुवाल
११. मा० श्री कालुराम राई
१२. मा० श्री गिता बस्नेत
१३. मा० श्री गोमा लाभ (सापकोटा)
१४. मा० श्री चित्र बहादुर के.सी.
१५. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)
१६. मा० श्री जावेदा खातुन जागा
१७. मा० श्री जीवन परियार
१८. मा० श्री जुली कुमारी महतो (महासेठ)

तत्पश्चात् विशेष समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नु भयोः-

१. मा० श्री दिपक गिरी
२. मा० श्री पदम गिरी
३. मा० श्री बिमला सुवेदी
४. मा० डा० चन्दा कार्की (भण्डारी)
५. मा० श्री धवलशम्शेर जंगबहादुर राणा
६. मा० श्री दिपक कार्की
७. मा० श्री शेरबहादुर कुँवर
८. मा० श्री दिलेन्द्र प्रसाद बडु
९. मा० श्री ऋषिकेश पोखरेल
१०. मा० डा० शुनिल कुमार शर्मा
११. मा० श्री शोभा ज्ञावाली
१२. मा० श्री सरस्वती सुब्बा

तदुपरान्त सम्माननीय सभामुखले सभाका विगतका वैठकहरुदेखि शून्य, विषेश र अन्य समयमा माननीय सदस्यहरुले उठाउनु भएको जनसरोकारका विषयहरु प्रति नेपाल सरकारको ध्यानकर्षण गराउनुहुँदै प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १५ को उपनियम (२) को व्यवस्था बमोजिम उक्त समयहरुमा उठेको प्रश्नहरुको जवाफ दिन नेपाल सरकारलाई निर्देश गर्नुभयो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)को तर्फबाट माननीय श्री सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले "महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन, आ.व. २०७८/०७९" सभा समक्ष पेश गर्नु भयो ।

तत्पश्चात् माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "सार्वजनिक सेवा प्रशारण विधेयक, २०७८ माथि विचार गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नु भयो ।

तदुपरान्त राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "सार्वजनिक सेवा प्रशारण विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफल प्रारम्भ भयो । उक्त छलफलमा निम्नलिखित माननीय सदस्यहरु छलफलमा भाग लिनु भयोः-

१. मा० श्री अर्जनु नरसिंह के.सी.
२. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की
३. मा० श्री माधव सापकोटा
४. मा० श्री रोसन कार्की
५. मा० श्री मनिष झा
६. मा० श्री विना लामा
७. मा० श्री प्रेम सुवाल
८. मा० श्री रामहरि खतिवडा
९. मा० श्री पदम गिरी
१०. मा० श्री विराज भक्त श्रेष्ठ
११. मा० श्री शिव नेपाली

त्यसपछि माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनु भयो ।

तत्पश्चात् राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "सार्वजनिक सेवा प्रशारण विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीले स्वीकृत भयो ।

तदुपरान्त "सार्वजनिक सेवा प्रशारण विधेयक, २०७८" माथि संशोधन पेश गर्न चाहने मा० सदस्यहरुले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम बहत्तर घण्टाभित्र आफूले पेश गर्न चाहेको संशोधनको सूचना विधेयक शाखा (प्रतिनिधि सभा) मा दिन सक्नुहुने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक २०७९ साल चैत २९ गते बुधबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ४:१० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
बैठक संख्या - २२

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल चैत २९ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय सदस्यहरूले ढ्यापढ्याप गरि समय माग गर्नु भएपश्चातको आकस्मिक समयमा बझाङ जिल्लाबाट भारततर्फ जाँदै गरेको यात्रुवाहक बस दुर्घटना हुँदा ५ जनाको मृत्यू र ६ जनाभन्दा बढि घाइते भएकोले उचित क्षतिपूर्ति एवं घाइतेको उपचार हुनुपर्ने, जुम्लाका निर्माण व्यवसायीलाई सरकारले मिटर व्याजीको व्यवहार गरिरहेको विषयमा सरकारले जवाफ दिनुपर्ने, स्मार्ट टेलिकमलले नियम विपरित २५ वर्षको लागि नविकरण अनुमति पाएको र गोर्खा सैनिकले पाउने पेन्सनमा वेलायत सरकारले गरेको विभेदकारी नीतिको विरोधका विषयमा भइरहेको वार्तामा नेपाल सरकारले कुटनीतिक पहल गर्नुपर्ने लगायतका विषयमा निम्नलिखित माननीय सदस्यहरूले आ-आफ्नो भनाई राख्नु भयोः-

१. मा० श्री भानुभक्त जोशी
२. मा० श्री ज्ञान बहादुर शाही
३. मा० श्री पदम गिरी
४. मा० श्री मानबीर राई

त्यसपछि प्रारम्भ भएको शुन्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयो ।

१. मा० श्री ठाकुर प्रसाद गैरे
२. मा० श्री तेजुलाल चौधरी
३. मा० डा० तोसीमा कार्की
४. मा० श्री दिक्पाल कुमार शाही
५. मा० श्री दिपक खड्का
६. मा० श्री दिपक गिरी
७. मा० श्री दिपक बहादुर सिंह
८. मा० श्री दिलेन्द्र प्रसाद बडू
९. मा० श्री दुर्गा राई
१०. मा० श्री देवेन्द्र पौडेल
११. मा० श्री धनराज गुरूङ
१२. मा० श्री ध्रुब बहादुर प्रधान
१३. मा० श्री नवल किसोर साह सुडी
१४. मा० श्री नागिना यादव
१५. मा० श्री नैनकला थापा
१६. मा० श्री पुष्प बहादुर शाह
१७. मा० श्री पूर्ण बहादुर घर्ति मगर
१८. मा० श्री प्रतिमा गौतम
१९. मा० श्री प्रदिप यादव
२०. मा० श्री प्रभु हजरा दुसाध
२१. मा० श्री प्रेम बहादुर आले
२२. मा० श्री प्रेम बहादुर महर्जन
२३. मा० श्री बद्री प्रसाद पाण्डे

तत्पश्चात माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री अमनलाल मोदीले संघीय निजामति सेवा ऐन सन्तुलित रूपमा छिटो संसदमा पेश गरिने र स्थानिय तहमा कार्यरत कर्मचारीहरूको सरूवा व्यवस्थित गरिने लगायतका विषयमा सार्वजनिक महत्वको वक्तव्य दिनु भयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २२२ को उपनियम (२) बमोजिम माननीय मन्त्रीको वक्तव्यको सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरूले माग गर्नु भएको स्पष्टिकरणको विषयहरूमा स्पष्ट पार्नु भयोः-

१. मा० श्री रामहरि खतिवडा
२. मा० श्री सुमना श्रेष्ठ
३. मा० श्री अर्जुन नरसिंह के.सी.
४. मा० श्री सोबिता गौतम
५. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
६. मा० श्री रोशन कार्की
७. मा० श्री मनिष झा
८. मा० श्री महेश कुमार वर्तौला
९. मा० श्री बद्री प्रसाद पाण्डे
१०. मा० श्री ज्ञान बहादुर शाही
११. मा० श्री दयाल बहादुर शाही
१२. मा० श्री रन्जु कुमारी झा

१३. मा० श्री रमा कोईराला पौड्याल
१४. मा० श्री रण कुमारी बलम्पाकी मगर
१५. मा० श्री ठाकुर गैरे
१६. मा० श्री दिलेन्द्र प्रसाद बडु
१७. मा० श्री तेजु लाल चौधरी
१८. मा० श्री प्रेम सुवाल
१९. मा० श्री सर्वेन्द्र नाथ शुक्ला
२०. मा० श्री भगवती चौधरी
२१. मा० श्री रघूजी पन्त
२२. मा० श्री विश्व प्रकाश शर्मा
२३. मा० श्री विना लामा

त्यसपछि प्रारम्भ भएको विशेष समयमा निम्नलिखित माननीय सदस्यहरूले विविध विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयोः-

१. मा० श्री राजेन्द्र बजगाई
२. मा० श्री ठाकुर गैरे
३. मा० श्री नारायणी शर्मा
४. मा० श्री सुमना श्रेष्ठ
५. मा० श्री ध्रुब बहादुर प्रधान
६. मा० श्री दिपक कार्की
७. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
८. मा० श्री अरूण कुमार चौधरी
९. मा० श्री प्रेम सुवाल
१०. मा० श्री डिग बहादुर लिम्बु
११. मा० श्री हेमराज राई
१२. मा० श्री मिना तामाङ
१३. मा० श्री दिनेश कुमार यादव
१४. मा० श्री मंगल प्रसाद गुप्ता
१५. मा० श्री कुशुम देवि थापा
१६. मा० श्री शान्ती श्रेष्ठ

तत्पश्चात माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "सुरक्षण मुद्रण सम्बन्धी विधेयक, २०७७ माथि विचार गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नु भयो ।

तदुपरान्त राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "सुरक्षण मुद्रण सम्बन्धी विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित माननीय सदस्यहरूले उठाउनु भएको विषयको माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले जवाफ दिनु भयोः-

१. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की
२. मा० श्री महेश कुमार वर्तौला
३. मा० श्री रोशन कार्की
४. मा० श्री रघूजी पन्त
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री माधव सापकोटा
७. मा० श्री ज्ञानु बस्नेत सुवेदी
८. मा० श्री सन्तोष परियार
९. मा० श्री मनिष झा
१०. मा० श्री रामकृष्ण यादव
११. मा० श्री ध्रुव बहादुर प्रधान
१२. मा० श्री नैनकला थापा
१३. मा० श्री मेटमणि चौधरी

त्यसपछि सम्माननीय सभामुखले "सुरक्षण मुद्रण सम्बन्धी विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नु अघि माननीय श्री महेश कुमार वर्तौलाले नेपालको संविधानको धारा ९४ बमोजिम "संघीय संसदको कुनै पनि सदनको बैठकमा सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्य उपस्थित नभएसम्म कुनै प्रश्न वा प्रस्ताव निर्णयका लागि प्रस्तुत हुने छैन" भन्ने उल्लेख भएको र हाल बैठकमा गणपुरक संख्या नभएको भनी प्रश्न उठाउनु भएपछि तीन मिनेट घण्टी बजाई बैठकमा उपस्थित संख्या यकिन गर्दा नेपालको संविधानको धारा ९४ बमोजिम विधेयक प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्न बैठकमा गणपुरक संख्या ६९ हुनुपर्नेमा उपस्थित माननीय सदस्यको संख्या ६१ मात्र रहेकोले उक्त गणपुरक संख्या नपुग भएको देखिएकोले सम्माननीय सभामुखले बाँकी कार्यक्रमहरू कार्यसूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक २०८० साल बैशाख ३ गते आइतबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ५:०० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
बैठक संख्या - २३

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल बैशाख ३ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय सदस्यहरूले ढ्यापढ्याप गरी समय माग गर्नु भएपश्चातको आकस्मिक समयमा कञ्चनपुर जिल्लाको बेलौरी नगरपालिकामा विद्युत लाईन विस्तार गर्ने क्रममा नेपाल विद्युत प्राधिकरणको कर्मचारीलाई भारतीय सुरक्षाकर्मीले रोकेको, कास्की जिल्लाको पोखरा महानगरपालिका-१५ स्थित सिताराम हाउजिङ नजिकै सेती खोँचमा खसेर १२ वर्षिय बालिकाले ज्यान गुमाउनु परेकोले यस्तो क्षति न्यूनिकरण गर्न उल्लिखित जोखिम क्षेत्र वरपर तारबार लगाएर सुरक्षित बनाउनु पर्ने, वि.पि. लोकमार्गमा घुमाउरो बाटोको कारणले धेरै दुर्घटना हुने गरेकोले उपयुक्त ठाउँमा सुरुङ मार्ग बनाउनु पर्ने, चिकित्सा शिक्षाको स्नातकोत्तर तर्फको विद्यार्थी भर्ना प्रक्रिया सच्याउनु पर्ने, पाल्पा, लमही र स्याङजाको डायलाईसिस सेन्टरहरुमा सरकारले तत्काल रकम पठाइनु पर्ने, नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाउने प्रयासमा संलग्नलाई कारवाहीको दायरामा ल्याइनु पर्ने, काठमाडौंमा बढ्दो वायु प्रदूषणले गर्दा श्वासप्रश्वास सम्बन्धी रोगहरू बढेको, मृगौला पिडित वृद्ध एकल महिलाको धितोको घरजग्गाको लिलामी रोकेर बैंकबाट लिएको ऋणको व्याज मिनाहा गरिनु पर्ने, संसदको बैठकमा उपस्थित सदस्यहरुले हाजिर जनाएर वैठकबाट छाडेर निस्कने प्रवृत्ति हटाउन बैठक सकिए पछि हाजिर गर्ने व्यवस्था मिलाउनु पर्ने, राष्ट्रिय परिचयपत्रमा आवद्ध नागरिकको विवरण रुजु गर्न निजी कम्पनीलाई ठेक्का दिएको, भुकम्प पीडितहरु स्थायी बसोबासबाट वञ्चित भएको, ठेक्का अवधि सकिदाँसम्म पनि सिन्धुली जिल्लाबाट कटारी निस्कने निर्माणाधिन बाटो सम्पन्न नभएको लगायतका विषयमा निम्नलिखित माननीय सदस्यहरूले आ-आफ्नो भनाई राख्नु भयोः-

१. मा० श्री तारा लामा तामाङ
२. मा० श्री विद्या भट्टराई
३. मा० श्री लेख नाथ दाहाल
४. मा० डा० तोसीमा कार्की
५. मा० श्री ठाकुर गैरे
६. मा० श्री मेटमणि चौधरी
७. मा० श्री प्रेम सुवाल
८. मा० श्री रोसन कार्की
९. मा० श्री हरि ढकाल
१०. मा० श्री चित्र बहादुर के.सी.
११. मा० श्री ईश्वर वहादुर रिजाल
१२. मा० श्री श्याम कुमार घिमिरे

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयो ।

१. मा० श्री बिमला सुवेदी
२. मा० श्री भानुभक्त जोशी
३. मा० श्री मनिष झा
४. मा० श्री महेश कुमार वर्तौला
५. मा० श्री माधव सापकोटा
६. मा० श्री मैना कार्की
७. मा० श्री मंजु शर्मा अन्सारी
८. मा० श्री रघूजी पन्त
९. मा० श्री रण कुमारी बलम्पाकी मगर
१०. मा० श्री रन्जु कुमारी झा
११. मा० श्री रमा कोईराला पौड्याल
१२. मा० श्री राजु थापा
१३. मा० श्री राजेन्द्र कुमार के.सी.
१४. मा० श्री राम कुमार राई
१५. मा० श्री राम कृष्ण यादव
१६. मा० श्री रामहरि खतिवडा
१७. मा० श्री रुक्मणी राणा बराइली
१८. मा० श्री रुपा वि.क.
१९. मा० श्री रेखा यादव
२०. मा० श्री लक्ष्मी तिवारी
२१. मा० श्री लिला देवी वोखिम (लिम्बू)

तत्पश्चात प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले "अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७७" र "भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७७" का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश सहितको विधेयक टेबुल गर्नु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले आकस्मिक, शून्य र विशेष तीनवटै समयमा बोल्नको लागि माननीय सदस्यको नाम प्राप्त भएमा परिस्थिति हेरेर व्यवस्थापन गर्ने गरिएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभाको मिति २०७९ चैत्र २९ गतेको बैठकमा गणपुरक संख्याको अभावमा निर्णयार्थ प्रस्तुत गर्न बाँकी रहेको राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "सुरक्षण मुद्रण सम्बन्धी विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले "सुरक्षण मुद्रण सम्बन्धी विधेयक, २०७७" माथि संशोधन पेश गर्न चाहने माननीय सदस्यहरुले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम बहत्तर घण्टाभित्र आफूले पेश गर्न चाहेको संशोधनको सूचना विधेयक शाखा (प्रतिनिधि सभा) मा दिन सक्नुहुने व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त सभाले पूर्व सदस्य तेजमान तुम्वाहाम्फेको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव सर्वसम्मतिले पारित गऱ्योः

> "प्रतिनिधि सभाको यो बैठक नेपाली काँग्रेस पार्टीबाट वि.सं. २०१५ सालको आम निर्वाचनमा धनकुटा जिल्लाको सांविक क्षेत्र नं. २६ बाट निर्वाचित सदस्य, प्रजातन्त्र स्थापना तथा पुनर्स्थापनाका आन्दोलनहरूमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएका तेजमान तुम्वाहाम्फेको ९७ वर्षको उमेरमा मिति २०७९ साल चैत २४ गते शुक्रबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

त्यसपछि सभाले दिवंगत तेजमान तुम्वाहाम्फेको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर अर्को बैठक २०८० साल बैशाख ५ गते मंगलबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ०२:०५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
बैठक संख्या - २४

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल वैशाख ५ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय सदस्यहरूले ढ्यापढ्याप गरी समय माग गर्नु भएपश्चातको आकस्मिक समयमा आन्दोलनरत हरुवा चरुवाको मागलाई सरकारले समयमै सम्बोधन गर्नुपर्ने, मलेसियामा म्यानपावर व्यवसायी मृत भेटिएको घटनाको सम्बन्धमा छानविन हुनुपर्ने, लिपिङ क्षेत्रमा तत्काल अध्यागमन कार्यालयको व्यवस्था गर्नुपर्ने, खरिद गरिएको चालीस लाख खोप किन प्रयोग गर्न मिलेन यस सम्बन्धमा सरकारले जवाफ दिनुपर्ने, धनुषामा सत्र वर्षिया बालिकालाई भाईको फोटो देखाई अधवैशे दाजुसँग विवाह गराई भाईसँग जवरजस्ती गर्न लगाउने घृणित कार्य गर्नेलाई कारवाही गर्नुपर्ने, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रले भाडामा उपलव्ध गराएको वेईजिङ डक र बाणिज्य वैंक भएको भवनको भाडा ६/७ वर्षदेखि भाडा प्राप्त नभएको प्रति सरकारले ध्यान दिनुपर्ने, दलितप्रतिको विभेदका सम्बन्धमा विभिन्न कानूनी व्यवस्था भए पनि कार्यान्वयन पक्ष फितलो भएकोले सरकारले उचित ध्यान दिनुपर्ने, नेपालमा विभिन्न विकास निर्माण कार्यमा प्रयोग हुने विष्फोटक पदार्थ नेपाली सेनाले नै पर्याप्त मात्रामा आफै उत्पादन गर्न सक्ने गरी क्षमता विकास गर्नुपर्ने, मिटर व्याज र लघूवित्त पिडित विरुद्ध भएको प्रहरि धरपकड सम्बन्धमा गृह मन्त्रीले जवाफ दिनुपर्ने, विद्यमान भूउपयोग नीति, भूमि ऐन र वर्तमान गठन आदेशले गर्दा बाटोलाई आधार मानेर कृषि योग्य जमिनको तिरो तिर्न किसानलाई सकस परेको लगायतका विषयमा निम्नलिखित माननीय सदस्यहरूले आ-आफ्नो भनाई राख्नु भयोः-

१. मा० श्री राजेन्द्र प्रसाद लिङ्देन
२. मा० श्री मानबीर राई
३. मा० श्री माधव सापकोटा
४. मा० श्री देवेन्द्र पौडेल
५. मा० श्री रोसन कार्की
६. मा० श्री मेटमणि चौधरी
७. मा० श्री रुपा वि.क.
८. मा० श्री रघूजी पन्त
९. मा० श्री प्रेम सुवाल
१०. मा० श्री चित्र बहादुर के.सी.

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयो ।

१. मा० श्री विक्रम पाण्डे
२. मा० श्री विजुला रायमाझी
३. मा० श्री विद्या भट्टराई
४. मा० श्री विना लामा
५. मा० श्री विनिता कुमारी सिंह
६. मा० श्री विनोद कुमार चौधरी
७. मा० श्री विर बहादुर वलायर
८. मा० श्री वीना जैसवाल
९. मा० श्री शान्ती श्रेष्ठ
१०. मा० श्री शिशिर खनाल
११. मा० श्री सन्तोष चालिसे
१२. मा० श्री सपना राज भण्डारी
१३. मा० श्री सरस्वती बजिमय
१४. मा० श्री सरस्वती सुब्बा
१५. मा० श्री सुमना श्रेष्ठ
१६. मा० श्री सुरेन्द्र राज आचार्य
१७. मा० श्री सूर्य प्रसाद ढकाल
१८. मा० श्री सूर्य मान तामाङ (दोङ)
१९. मा० श्री सोनु मर्मु
२०. मा० श्री हर्कमाया विश्वकर्मा
२१. मा० श्री हित राज पाण्डे
२२. मा० श्री हेमराज राई
२३. मा० श्री ज्ञानु बस्नेत सुवेदी
२४. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की

तत्पश्चात प्रारम्भ भएको विशेष समयमा निम्नलिखित माननीय सदस्यहरूले विविध विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयो ।

१. मा० श्री श्याम कुमार घिमिरे
२. मा० श्री भिम प्रसाद आचार्य

३. मा० श्री हित बहादुर तामाङ
४. मा० श्री निशा डागी
५. मा० श्री ज्ञान बहादुर शाही
६. मा० श्री रन्जु कुमारी झा
७. मा० श्री शेर बहादुर कुवँर
८. मा० श्री अनिता देवी
९. मा० श्री अरुण कुमार चौधरी
१०. मा० डा० अमरेश कुमार सिंह
११. मा० श्री सीता कुमारी राना
१२. मा० श्री एकनाथ ढकाल
१३. मा० श्री रमा कोईराला पौडयाल
१४. मा० श्री बासुदेव घिमिरे
१५. मा० श्री सम्झना थपलिया

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १५ को उपनियम (२) बमोजिम आकस्मिक, शून्य र विशेष समयमा मा० सदस्यहरुले उठाउनु भएको विषयहरुका सम्बन्धमा मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री रञ्जिता श्रेष्ठले जवाफ दिनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड" ज्यूको नेतृत्वमा मिति २०७९/९/११ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा मिति २०८०/०१/०३ गते देहायबमोजिम मन्त्री तथा राज्यमन्त्रीको नियुक्ति र कार्यविभाजन गर्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

क्र.सं.	नाम, थर	पद	कार्यविभाजन
१.	श्री नारायण प्रकाश साउद	मन्त्री	परराष्ट्र मन्त्रालय
२.	श्री नन्दा चपाई	राज्यमन्त्री	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

यादवप्रसाद कोइराला
सचिव

मितिः २०८०/०१/०३

तत्पश्चात सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले "राष्ट्रिय सूचना आयोगको वार्षिक प्रतिवेदन २०७८/०७९" पेश गर्नु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले कार्यसूचीमा बाँकी रहेको राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक २०८० साल बैशाख ६ गते बुधबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ३:३५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
बैठक संख्या - २५

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल वैशाख ६ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय सदस्यहरूले ढ्यापढ्याप गरी समय माग गर्नु भएपश्चातको आकस्मिक समयमा भूउपयोग नियमावली, २०७९ लाई संशोधन गरेर जग्गाको कित्ताकाट खोल्ने मन्त्रिपरिषद्को निर्णय सच्याउनु पर्ने, अवैधरुपमा भारतहुँदै ओमनतर्फ लैजादै गरेका तीन महिलासहित चारजना नेपाली मुम्वई अन्तर्राष्ट्रिय एयरपोर्टमा पक्राउ परेकोले नेपाल सरकारले उनीहरुको तत्काल उद्धार गर्नुपर्ने, निजि क्षेत्रलाई पनि विद्युतको आपूर्ति र व्यापारमा सहभागि हुन पाउने कानून बनाउनु पर्ने लगायतका विषयमा निम्नलिखित माननीय सदस्यहरूले आ-आफ्नो भनाई राख्नु भयो:-

१. मा० श्री सरस्वती सुब्बा
२. मा० श्री रमा कोईराला पौडयाल
३. मा० श्री श्याम कुमार घिमिरे

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयो ।

१. मा० श्री अनिशा नेपाली
२. मा० श्री असिम शाह
३. मा० श्री ईश्वरी घर्ती
४. मा० श्री उदय शंमशेर ज.ब.रा.
५. मा० श्री उर्मिला माझी
६. मा० श्री एकनाथ ढकाल
७. मा० श्री ऐन बहादुर शाही ठकुरी
८. मा० श्री कान्तिका सेजुवाल
९. मा० श्री किरण कुमार साह
१०. मा० श्री गिता बस्नेत
११. मा० श्री गोमा लाभ (सापकोटा)
१२. मा० श्री चन्दा कार्की (भण्डारी)
१३. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)
१४. मा० श्री जावेदा खातुन जागा

तत्पश्चात प्रारम्भ भएको विशेष समयमा निम्नलिखित माननीय सदस्यहरूले विविध विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयो ।

१. मा० डा० आरजु राणा
२. मा० श्री महेश कुमार वर्तौला
३. मा० श्री लेख नाथ दाहाल
४. मा० श्री सुमना श्रेष्ठ
५. मा० श्री दिपक बहादुर सिंह
६. मा० श्री रन्जु कुमारी झा
७. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
८. मा० श्री राम प्रकाश चौधरी
९. मा० श्री प्रेम सुवाल
१०. मा० डा० अमरेश कुमार सिंह
११. मा० श्री अनिता देवी
१२. मा० श्री योगेन्द्र मण्डल
१३. मा० श्री दिलेन्द्र प्रसाद बडू
१४. मा० श्री तारा लामा तामाङ
१५. मा० श्री संजय कुमार गौतम
१६. मा० श्री दयाल बहादुर शाही
१७. मा० श्री देव प्रसाद तिमलसेना
१८. मा० श्री रुक्मणी राना बराईली
१९. मा० श्री रामकृष्ण यादव

तदुपरान्त सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले संवत् २०७९/९/११ गते गठित मौजुदा मन्त्रिपरिषद्मा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यूले सम्हाली आउनु भएकोमा प्रधानमन्त्रीज्यूको सिफारिसमा उक्त मन्त्रालयको कार्यभार माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री पूर्णबहादुर खड्काले सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

यादवप्रसाद कोइराला
सचिव

मितिः २०८०/०१/०५

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नु भयो ।

तत्पश्चात राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित माननीय सदस्यहरु छलफलमा भाग लिनु भयोः-

१. मा० डा० अमरेश कुमार सिंह
२. मा० श्री माधव सापकोटा
३. मा० श्री सुमना श्रेष्ठ
४. मा० श्री रन्जु कुमारी झा
